## आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक नीति, कार्यक्रम तथा बजेट

अजयमेरु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भद्रपुर, डडेल्धुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८२

**सम्मानीत अजयमेरु गाउँसभा अध्यक्ष श्री उमेश प्रसाद भट्टले अजयमेरु गाउँसभाको १७ औं अधिबेशनको पहिलो बैठकमा गर्नुभएको सम्बोधनः**

**आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम**

सम्मानित गाउँसभाका सदस्यज्यूहरू ।

"समावेशी र सन्तुलित विकास

समृद्ध अजयमेरुको मूल आधार"

भन्ने मूल नाराका साथ म अब आर्थिक वर्ष ०८२/८३ को अजयमेरु गाउँपालिकाको नीति, तथा कार्यक्रम प्रस्तुत गर्दछु।

१. गाउँपालिका लाई कृषिमा वि स २०९० सम्म आत्म निर्भर बनाउन तथा कृषि पेसालाई व्यावसायिक र सम्मानित पेसाको रुपमा विकसित गर्नको लागी गाउँपालिकाको प्रमुख पेसाको रुपमा रहेको कृषीको ब्यवसायीकरण, बैज्ञानीकरण, विविधीकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई वोध गर्दै कृषी प्रणालीलाई आधुनिकीकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक बृद्धिको दिगो आधार तयार गर्ने नीति लिइने छ ।
२. एकगाउँ एक प्राविधिक कार्यक्रमलाई लागत साझेदारीमा निरन्तरता दिने र प्रत्येक वडाका कृषि, पशु सेवामा कार्यरत प्राविधिकहरुलाई निरन्तरता दिईनेछ ।
३. गाउँपालिकाको प्रमुख संभावनाको रुपमा रहेको आलु, भटमास, तरकारी, बाख्रा उत्पादनलाई वढाउन तथा आम जनताको प्रमुख व्यवसायको रुपमा विकास गराउन विउमा लागत साझेदारी लगायत अन्य कार्यक्रम गरिनेछ । संघीय, प्रदेश र स्थानीय सरकारको सहकार्यमा आलु, भटमास जोन कार्यक्रमलाइ प्रभावकारी वनाइनेछ ।साथै तरकारी र बाख्रा पकेट क्षेत्रलाई विस्तार गरिनेछ।
४. फलफूल विषेश कार्यक्रम संचालन गरिनेछ ।
५. माटो परीक्षण, रोग परीक्षण, कृषि विशेषज्ञ सहितको शिविर दुर्गम बस्तीमा सञ्चालन गरिने छ।
६. सरकारी, सार्वजनिक, ऐलानी, जग्गाहरुको संरक्षण तथा अभिलेखिकरण प्रकृयाको थालनि गरिनेछ।
७. नाङ्गा डाँडा तथा घरमा फलफूल बगैंचा स्थापना, कृषक तालिम, उन्नत र परम्परागत विउ वितरण,साना सिँचाई तथा प्लाष्टिक पोखरी,गोठ सुधार, भकारो सुधार, तरकारी नर्सरी, स्थानीय कुखुरा, च्याउँ उत्पादन, फलफूल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्धन सहकारी र समुह मार्फत बाख्रा भैसी तथा कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चालन गरिने छ ।
८. मागमा आधारित कार्यक्रम हरुलाई प्रोत्साहन गर्दै डेरी प्रवर्धन, घाँस विकास कार्यक्रम , जैविक सामाग्री वितरण कार्यक्रमहरु संचालन गरिनेछन ।

९. कृषिमा व्यवसायिक भैसी तथा उन्नत गाई पालन गर्ने कृषकलाई पशु सुत्केरी आहार भत्ता उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

१०. व्यवसायिक कृषकलाई परिचय पत्र वितरण गरीने कार्यक्रमलाई कृषकको पहिचानसंग जोडिने गरि थप प्रभावकारी रुपमा निरन्तरता दिइ किसानको उत्पादनलाई सहज बजार सम्म पुर्याउन "किसानको उत्पादन गाउँपालिकाको बजार" कार्यक्रम संचालन गरिनेछ ।

११. सबैलाई कृषि पेसामा आर्कषण गरी नमुनाको रुपमा गाउँपालिका स्तरको नमुना वहुद्देश्यीय कृषि तथा पसु विकास फर्म कार्यक्रम निरन्तर अगाडी बढाइनेछ ।

१२. **कृषिमा पहिला, आत्मनिर्भर महिला** भन्ने नीति लाई निरन्तरता दिईनेछ साथै गाउँपालिकामा रहेका रैथाने बालि विउहरूको संरक्षण तथा प्रवर्दधनका लागि आवश्यक गृहकार्य गरिनेछ।

१३. वदेल लगायतका जंगली जनावरको क्षतीको कारणवाट कृषि ब्यवसायमा छाएको नैरास्यता न्युनिकरण गर्नको लागी कृषि विमामा आर्कषण गर्न विमाको प्रिमियममा लागत साझेदारी कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट अगाडी बढाइनेछ ।

१४. जग्गा बाँझो राख्ने प्रवृत्तिलाई अन्त्य गरी वाझो जग्गा लिजमा लिइ ब्यवसायीक खेती गर्न प्रोत्साहित गराई उत्पादनमा जोड दिने तथा वातावरण सृजना गर्ने नीति लिईनेछ । साथै वाझो जग्गाको बहुउपयोग निति तयार गरी बाझो जमिनमा अनारखेति, एभोकाडो, पिकानट, अमिलो जन्य, मसला जन्य जातका बाली तथा ओखर खेतिलाइ प्राथमिकताका साथ अगाडी बढाइने छ ।

१५. उत्पादन र उत्पादकत्वमा बढोत्तरी ल्याउन चैते धान खेतिको क्षेत्र विस्तार, कृषकको मनोवल उच्च राख्न अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार, माटोको नमुना संकलन गरि परिक्षण कार्यक्रमलाई निरन्तरता दिई विद्यालय स्तर देखि कृषि लाई व्यवसायिकरणमा सहयोग गर्न **"विद्यालयमा करेसावारी, घरघरमा रोजगारी"** भन्ने नाराकासाथ विद्यालय कृषि प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।

१६. पालिकामा उत्पादित तरकारीजन्य वस्तुहरुलाई लामो समयसम्म बजारीकरण गर्न पालिकामा कोल्ड स्टोर स्थापनाका लागि कृषि ज्ञानकेन्द्र र निजि क्षेत्रसँग सहकार्य गरिने छ साथै पकेट विकास कार्यक्रम अन्तर्गत केरा, उखु, अम्वा,मेवा,चिउरो खेति विस्तार र संरक्षण गरी गाँउपालिका भित्रका सवै कृषकलाई अनलाइन दर्ता प्रणालीमा सुचिकृत तथा जग्गा जमिन र पशुपंक्षिको दर्ता अध्यावधीकलाई निरन्तरता दिइनेछ ।

१७. समुदायको पोषण तथा जीविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि गाउँपालिका भित्रका हरेक घरधुरीमा घरबारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र बिस्तार गर्ने र व्यवसायिक रुपमा समूह मार्फत बार्षिक रु.१०००००० भन्दा माथि कारोबार गर्ने कृषक समूहहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै गाउँपालिका स्तरमा आवश्यक फलफूल तथा आय उपार्जन जन्य बोट बिरुवा सहज रुपमा आपूर्ति गर्नका लागि उन्नत स्तरको बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१८. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको भण्डारण, बजारीकरणका साथै कृषि सामाग्रीको सहज आपूर्तिको लागि आवश्यकता अनुसार संकलन केन्द्र,

एग्रोभेट स्थापना गर्ने कार्य अगाडी बढाईनेछ । सो प्रयोजनका लागि निजी क्षेत्र तथा सहकारीहरुलाई प्राथमिकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

१९. कृषि पेसालाई व्यवसायीक रुपमा अगाडी बढाउन तथा जटील प्राविधिक समस्या समाधान गर्न सहज गर्ने उद्देश्यले आगामी आर्थिक वर्ष बाट कृषि तथा पशु विज्ञ सहितको सेवा केन्द्र सुचारु गरी वडा स्तर अन्तर्गतका कृषि प्राविधिकहरुलाई किसानको खेतवारी सम्म पुर्याउन **खेतवारीमा प्राविधिक** कार्यक्रम गरिनेछ ।

२०. नेट सहितको पोलिहाउस कार्यक्रमलाई अगाडी बढाई मागमा आधारित कार्यक्रम मार्फत प्रविधि जन्य कृषि मल्चिङ प्लाष्टिक घरमा सहयोग गरी उत्पादनलाई बढोत्तरी गरिनेछ साथै ५० प्रतिशत अनुदानमा गोला सहित माहुरी घार वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ र आकस्मीक बाली संरक्षण कोष स्थापना गर्न पहल गरिनेछ ।

२१. उत्पादनलाई बजार सम्म जोड्नका लागि गाउँपालिकाबाट कृषि एम्बुलेन्स सेवा संचालनलाई निरन्तरता दिइ मसला तथा अदुवा वालीको सम्भावित क्षेत्र पहिचान,बिस्तार तथा उत्पादनमा बृद्धि गर्ने निति लिइनेछ ।

२२. छाडा चौपाया नियन्त्रणकालागि स्थानीय प्रशासन संग समन्वय गरी कानूनी दायरामा ल्याईनेछ। गाउँपालिका भित्र स्थाई बसोबास भइ कृषि प्राविधिक विद्यालयमा अध्ययन गरि यसै पालिका भित्र अनिवार्य रुपमा समुदायमा OJT गर्न लगाइनेछ।

२३. कृषि तथा पशु सेवा अन्तर्गतका प्राविधिकहरुको संलग्नतामा कृषि तथा पशु घुम्ती सेवा शिविर र प्लान्ट क्लिनिक संचालन, कृषि बालीमा प्रयोग गरिने बिषादी नियन्त्रण गर्न तालिमको व्यवस्था गरिनुका साथै गाँजा खेति गर्ने किसानलाई प्रोत्साहन गरिने छ ।

२४. **कृषकको उत्पादन अजयमेरु सरकारको वजार** भन्ने नारालाई सार्थक वनाउन कृषि उपजहरुलाई गाउंपालिका स्तरीय कृषी उपज संकलन केन्द्र स्थापना गरि कृषकहरुले उत्पादन गरेका वस्तुहरु तथा बनमा पाइने मसला बालीको बजारीकरण सहकारी/समुहहरुको माध्यमद्वारा खरिद गर्ने नीति अवलम्वन गरिनेछ ।

२५. कृषि पेशालाई मर्यादित तथा आय आर्जन मुलक पेशाको रुपमा विकास गर्न युवाहरुले संचालन गरेका नमूना कृषि तथा पशु फर्म हरुलाई **"कृषि आधुनिकरणका लागि युवा रोजगार,आर्थिक समृद्धिका लागि अजयमेरु सरकार"**भन्ने कार्यक्रम संचालन गरिनेछ।

२६. पशु पालन, घाँस खेती, गोठ सुधार, पशु मुत्र संकलन, झोल मल उत्पादन, जैविक विषादी उत्पादन तथा प्रयोग, सूक्ष्म जौविक मल आदिवाट माटोको उर्वरापन कायम गरिनेछ । स्थानीय प्रजातिका बालीहरुको विउ उत्पादन संरक्षण तथा प्रयोगमा वृद्धि गर्दै बजारीकरण गर्ने नीति लिइनेछ । अन्न भण्डारण पूर्वाधारमा लगानी वढाई अन्न भण्डारणमा हुने क्षति न्यूनीकरण गरिनेछ ।

२७. कृषिको व्यवसायीकरण, यान्त्रिकरण र मूल्य श्रृङ्खला विस्तार गरी कृषिलाई गरिबी निवारण, स्वरोजगारको अवसर र खाद्य सुरक्षाको आधारको रुपमा विकसित गर्दै कृषिको उत्पादन वृद्धि गर्ने निति अवलम्वन गरिनेछ । साथै ब्यवसायिक गाई भैसि फर्म , बाख्रा फर्म , कुखुरा फर्म , बिकास र बिस्तारका लागि सहभागीतामा आधारित लागत साझेदारी दिदै विषेश कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

२८. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल, बिउ, कीटनाशक औषधीको उपलब्धता, उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्धन गर्न आवश्यक नीति लिइनेछ ।

२९. गाउँपालिकालाई ओखर/मसला पकेट क्षेत्रको रुपमा विकाश गर्न आवश्यक नीति लिइने छ ।

३०. "कृषिमा युवालाई रोजगार" कार्यक्रम मार्फत यस क्षेत्रका पर्याप्त मात्रमा रहेको वाँझो जमिनमा वहुआयामिक कृषि फर्मको माध्यम वाट रोजगारी सिर्जना गर्ने र युवाहरुलाई आत्मनिर्भरता नीतिको अवलम्बन गरिनेछ । गाउँपालीका भित्र रहेको वाँझो जग्गामा कृषी उत्पादन बढाउन भुमी बैङ्कको स्थापना गरी वाँझो जग्गा उपयोगी विशेष कार्यक्रम संचालन गरीनेछ ।

३१. कृषीमा आधुनीकिकरण गरि प्रविधियुक्त कृषी निर्माणको कार्य गर्न तथा कृषीलाई प्रविधी मैत्री बनाउन हाते टेक्टर थ्रेसर,क्रोलीङ मेसिन लगायत कृषी औजारहरुको संघ र प्रदेश संगको लागत साझेदारीमा प्रभावकारि ढङगबाट अगाडी वढाईनेछ ।

३२. जंगली जनावरको आक्रमणबाट कृषी उत्पादन लाई जोगाउन क्लस्टरवाइज घेरवार कार्यक्रम संघ र प्रदेश सरकारसँगको समन्वयमा अगाडी वढाईनेछ ।

३३. आलु जोन, मसला ब्लक, भटमास ब्लक, मकै ब्लक, धान ब्लक र परम्परागत रैथाने वाली जस्तै कोदो, रैया मुद्रो, काकुन पकेटको निर्माण गरीनेछ साथै फलफूल पकेट क्षेत्र निर्माण गर्ने नीति लिइनेछ ।कृर्षिमा मल्चिङ प्रविधि टनेल च्याउँ खेती प्रवर्धन तथा बाली उपचार शिवर कृषक पाठशाला सञ्चालन गरिनेछ ।

३४. कृषी कार्यलाई सिंचाईसंग जोड्न साना सिंचाई कार्यक्रमलाई प्रभावकारि बनाईनेछ ।

३५. गाउँपालिका भित्र कृषक समुहहरुलाई उत्प्रेरीत गरी कृषक सहकारी निर्माण गर्ने र टोल टोलमा कृषक समुह निर्माण गरि कृषी प्रविधी कार्यक्रम हस्तान्तरण गरीनेछ । साथै अजयमेरु गाउँपालिकामा व्यवसायीक किसानको संजाल गठन गरिने छ ।

३६. युवाहरुलाई कृषीमा आकर्षण गराउन युवा कृषक अनुदान कार्यक्रम प्रभावकारि ढङ्गबाट अगाडी बढाईनेछ । एकल महीला र विदुर पुरुषलाई कृषीमा आकर्षण गराउनको लागी उत्पादनमा आधारीत लागत साझेदारी निती लागु गरीनेछ ।

३७. प्लाष्टिकका फूलमाला निरुत्साहित गर्न पुस्प खेति प्रबर्द्धन कार्यक्रम अन्तर्गत पुष्प बगैंचा निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । व्यवशायिक नर्सरी फर्महरुलाई आवस्यक अनुदान सहयोग निति लिइनेछ ।

३८. कृषी ऋण सहजै उपलब्ध गराउनका लागी गाउँपालिका भित्र रहेका बैङ्क ,सहकारि संस्था र लघुवीत्तसंग सहकार्य गर्ने निती अवलम्वन गरीनेछ ।

३९. किसानका उपजहरुलाई बजारमा ल्याउन पालिकामा कृषि मेला प्रदर्शनी कार्यक्रम सञ्चालन गरिने छ। पालिकाका सबै वडाका केन्द्रमा स्थानिय उत्पादनलाई प्रवर्धन गर्न हाट बजार लगाउने कार्यको सुरुवात गरिनेछ ।

४०. कृषकको घर दैलोमै सर्ब सुलभ सेवा उपलब्ध गराउन गाउँपालिका भित्र रहेका कृषी तथा पशु सेवा ईकाईमा सञ्चालित एग्रोभेटहरुलाई निरन्तरता दिदैं पशु रोग (रेविज, पिपिआर, लम्पी स्कीन,खोरेत, जुनेटिक ) पहिचान र खोप तथा नियमित उपचारका लागि ६ वटै वडामा पशु प्रयोगशाला (ल्याब) सुचारु गरिनेछ साथै कृषि तथा पशु सम्वन्धि सेवा एकिकृत रुपमा प्रवाह हुने गरि निर्माण गरिएको कृषि भवनबाट विशेषज्ञ सहितको सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

४१. संघ र प्रदेश संग समन्वय गरी पिल्कोटी च्याखुरा लगायत स्थानिय प्रजातीको विकास, संरक्षण र प्रचार गरीनेछ ।

४२. घाँस खेती प्रवर्धन कार्यक्रमलाई व्यवस्थीत रुपमा संचालन गरी गृहणी महिलाको कार्यबोझ घटाउन घाँस काट्ने मेसिन अनुदानमा वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।

४३. व्यवसायीक रुपमा बाख्रापालन, कुखुरा पालन, भैसी पालन, वंगुर पालन र गाई पालन कृषक लाई प्रोत्साहन गर्ने नीति लिइनेछ साथै उत्कृष्ट व्यवसायिक किसानलाई सम्मान गरिनेछ ।

४४. पशु वीमा तथा गाई भैसीका लागि सुत्केरी आहार भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ साथै निर्यातको लगत राखी प्रजननयोग्य भैसी निर्यातमा कडाई गरिनेछ ।

४५. यस गाउँपालिका अन्तर्गत संचालित पशु सेवा इकाई तथा कृषि सेवा इकाईबाट निरन्तर सेवा प्रवाह गर्न सर्बसुलभ मुल्यमा पशु स्वास्थ्य घुम्ती कोष तथा कृषि जन्य बिउ बिक्रि गर्न, खरिद गर्न कृषि सेवा घुम्ती कोष संचालनमा ल्याइने छ ।

४६. कृषकहरुलाइ व्यवस्थित पशुपालन तथा कृषि सम्बन्धि तालिम दिलाई आधुनिक प्रविधि सम्बन्धमा जानकारी गराइनेछ। साथै **गोठखोरमा प्राविधिक सेवा** विस्तार गरिनेछ ।

४७. एउटै प्रवृतिको व्यवसाय गर्ने किसानलाई नमुना किसानको रुपमा प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान दिई अनुदानको अधिकतम सदुपयोग गर्न नीतिगत व्यवस्था गरिने छ।

४८. अति बिपन्न दलित महिला समुदायमा कृषि तथा पशुपालन सम्बन्धि लक्षित कार्यक्रमहरु संचालन गरि आयआर्जनमा वृद्धि गरिनेछ ।

४९. दुध अण्डा तथा मासु उत्पादनमा बढोत्तरी ल्याउन स्थानीय गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, ड्युल कुखुरा पालन प्रोत्साहन, बाख्रा पालन व्यवसाय प्रबर्धनलाई निरन्तरता दिईनेछ साथै दुध, अण्डा र मासुको बजारीकरण तथा प्रवर्धन गरिनेछ।

५०. कृषकहरुको व्यवसायमा जोखिम न्युनिकरण गर्नका लागि पशुपंछी मत्स्य तथा कृषि व्यवसाय गर्ने कृषकको बीमा कार्यक्रमलाई प्रभावकारीताका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ।

५१. कृषि सूचिकरण कार्यक्रमबाट कृषि पशुपंछि तथा मत्स्य पालन सम्बन्धि अभिलेख (तथ्याङ्क) संकलन गरिने छ।

५२. औद्योगिक ग्रामको स्थापनाको लागि सम्भाव्यता अध्ययन भैसकेकाले स्थापना गर्नका लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ । साथै गाउँपालिकामा स्थानीय श्रम, सीप र प्रविधिमा आधारित लधु उद्योगहरु स्थापना गराउने नीति लिइनेछ ।गाउँपालिकाभित्र साना तथा मझौला उद्योग स्थापना गर्न प्राथमिकता दिई युवाहरुलाई बजार सुहाउँदो सिप विकासका कार्यक्रमहरुमा आवद्ध गराईने छ । साथै गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका उद्योगको उत्पादन गाउँपालिकामा अनिवार्य प्रयोग गर्ने नीति लिइनेछ ।

५३. खानीजन्य उद्योगको पहिचान र उत्खननका लागी संघ ,प्रदेश लगायत निजी क्षेत्रको सहयोगमा सम्भाब्यता अध्ययन गर्ने नीति अवलम्वन गरिने छ ।

५४. परम्परागत पानी घट्ट, कोलु, मगराउँ (ढुङ्गे धारा) लाइ स्तरीकरण तथा संरक्षण गर्ने कार्यक्रम ल्याइनेछ । साथै स्थानीय कलाकृतिको संरक्षण गर्ने उद्यमीलाइ प्रोत्साहन गरिने छ ।

५५. गाउँपालिका भित्र रहेका लघुउद्योग र ब्यवसायलाई ब्यवस्थित गरि करको दायरामा ल्याईने छ साथै गाउँपालिकाभित्रका साना उद्योगीलाई प्रविधि हस्तान्तरण गरि आधुनिकिकरणमा जोड दिईनेछ ।

५६. मझौला उद्योग संचालन गर्न चाहाने आन्तरीक तथा वाह्य लगानीकर्तालाइ आकर्षण गर्ने नीति लिईनेछ ।ठुला उद्योग संचालन गर्न चाहने ब्यवसायीलाइ निःशुल्क जग्गा उपलब्ध गराउन सहजिकरण गरीने छ । साथै निजि क्षेत्रलाइ आकर्षण गर्ने निति लिइनेछ ।

५७. स्थानीय स्तरमा उत्पादित कृषि जन्य उत्पादन निर्यातको लागि प्याकिङ्ग, लेबलिङ्ग गर्न उद्यमीलाई अनुदानको व्यवस्था गरिनेछ ।

५८. पसलमा जंक फुड, सुर्तिजन्य पदार्थ, खाद्यान्न लगायतका सामानलाई छुट्टाछुट्टै राखी विक्री वितरण गर्न लगाउने तथा त्रैमासिक रूपमा प्रभावकारी ढङ्गले बजार अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

५९. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न आवश्यक सहयोग गरीनेछ । स्थानीय स्तरमा पाइने अमला, कोइरालो,आँप, लसुन,कागती लगायतवाट अचार निर्माण गर्ने तथा स्थानीय सामाग्रीबाट निर्माण हुने उद्योगको स्थापना गर्ने नीती अवलम्वन गरीनेछ ।

६०. महिलाहरुलाई व्यवसायमा आत्मनिर्भर वनाउने उद्देश्यले दुनाटपरी, छाप्रो निर्माण, होजियारि, डोलकुसम, मालापोते सम्बन्धि तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।साथै पालिका भित्र उत्पादित उद्यमीले उत्पादन गरेका बस्तुहरुको बजारीकरणको सुनिश्चितता गरिने छ ।

६१. अजयमेरु गाउँपालिका भित्र प्रशस्त मात्रामा रहेको ढुङ्गा, गीट्टी, वालुवा र सीलेट लगायत खानी जन्य पदार्थको उत्खनन र वजारी करण गर्न आवश्यक निती अवलम्वन गरी आन्तरीक आम्दानी वृद्धी गर्ने लक्ष्य लिइनेछ ।

६२. एक घर एक उद्यमी एक टोल एक उत्पादन एक वडा एक उद्योग स्थापनाका लागि आवश्यक कार्य अगाडी बढाईनेछ ।उत्कृष्ट युवा उद्यमीलाई प्रोत्साहन र सम्मान गर्नका लागी आवश्यक मापदण्ड निर्माण कार्यको थालनी गरिनेछ ।

६३. लघु तथा साना घरेलु उद्योग स्थापना तथा सञ्चालनका लागी दर्ता प्रकृयामा सहजिकरण गर्न घरेलु तथा साना उद्योग कार्यालय र आन्तरिक राजस्व कार्यालय संग आवश्यक समन्वय गरिने छ ।

६४. गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघ गठन गरिनेछ ।

६५. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा सांस्कृतिक पर्यटकीय पुर्वाधारको विकास, डकुमेन्ट्री तयार गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रसार प्रचार गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्धन गर्ने नीति लिइने छ । साथै स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्द्धन लागि प्रचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी स्थानीय मौलिक संस्कृतिको संरक्षण गरी त्यस मा योगदान पुर्याउने धामि, पण्डा, भरणीया, पुजारीलाइ सम्मानको कार्यक्रम ल्याइनेछ ।

६६. परम्परागत पुराना संस्कृती जस्तै फाग, भैलो, होली ,चैत, धुमारी,गौरानाच जस्ता सांस्कृतिक धरोहरको संरक्षणमा उच्च प्राथमिकता दिइनेछ र प्रर्दसनीको कार्यक्रम गरिनेछ ।

६७. अजयमेरुकोटको पर्यटकीय पूर्वाधार विकास तथा पुरातात्विक संरक्षणका लागि संघिय सरकार र प्रदेश सरकार संग समन्वय र साझेदारी गरिने छ साथै तीन वटै सहिद स्मृति पार्क सहित सबै पार्कलाई व्यवस्थित गरी पर्यटक भित्र्याउने नीति लिइनेछ ।

६८. **"संस्कृती र कलाका माध्यमबाट अजयमेरुको पहिचान"** भन्ने अवधारणा अनुरुप**"हाम्रो अजयमेरु हाम्रो गौरा तथा होली"**कार्यक्रम संचालनमा ल्याइनेछ ।

६९. अजयमेरुकोट, देवल, गणेशधुरा, मगराउ, शिखर,जगन्नाथ, डागेश्वरी,कोला समैजि, गंगेश्वर, दुर्गाभगवति,चोरा भगवति, सहस्त्रलिङ्ग वेताल,हंसराज, लटाकटारी,खिरेश्वर घनघस्या लेक,रानीवन लगायतका स्थानको समग्र गुरुयोजना निर्माण गर्ने कार्य लगायत अजयमेरु कोट, देवल पार्क, भागेश्वर धुरा, झालमाण्डौ लगायत पर्यटकीय क्षेत्रमा भौतिक संरचनाका कामहरुलाई निरन्तरता दिइ घनघस्या लेक,रानीवन लगायतका स्थानको ब्रुसर निर्माण कार्यको सुरुवात गरिनेछ ।

७०. पुरातात्विक सम्पदाको पुनर्निर्माण तथा मर्मत गर्दा आधुनिक प्रविधिको प्रयोगलाई निरुत्साहित गर्दै अजयमेरु गाउपालिका वडा नम्बर ४ मा रहेको **डोटेली संग्रहालयलाई** व्यवस्थित बनाई स्थानीय काष्टकला, मूर्तिकला, बास्तुकला तथा अन्य कलाहरुको बजारिकरणका लागि निजि क्षेत्र संग समन्वय गरिनेछ ।

७१. डागेश्वरी, गंगेश्वर मन्दिर क्षेत्र भित्र धार्मिक बन स्थापना, देवल भागेश्वर पदमार्ग स्थापना, देवदार संरक्षण क्षेत्र स्थापना, होमस्टे सञ्चालन, पसेला डुङरीमा वन्जिजम्पको अजयमेरुको रमा देवलकाडाँ सम्भाव्यता अध्ययन तथा कार्यान्वयनका लागि निजिक्षेत्र, संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ ।

७२. अजयमेरु कोटलाई पुरातत्व विभागसँगको समन्वयमा विश्व सम्पदा सूचिमा सूचिकरणका लागि आवश्यक पहल गरी अजयमेरु कोट अन्तर्गत जिर्ण रहेका भौतिक संरचनाहरुको उत्खनन कार्य गरी जिर्णोद्धार गरिनेछ साथै अजयमेरुकोट भ्रमणका लागि आउने पर्यटकहरुको अभिलेखिकरण र सहजताका लागि स्थानीय बासिन्दाको सहकार्यमा नियमित पालोपहराको व्यवस्था गरिनेछ।

७३. गाउँपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्ने निती अन्तर्गत गाउँपालिकाका सबै घरधुरीलाई सहकारी संग आवद्ध गर्न सहकारी साक्षरता कार्यक्रम

अन्तर्गत सहकारीहरु प्रति जनमानसमा घट्दो बिश्वास बढाउन पालिकाको अधिकार क्षेत्र भित्र पर्ने सहकारीहरुको नियमनलाई प्रभावकारी वनाईने नीति लिई कृषिलाई सहकारीसँग जोड्ने नीति अवलम्बन गरिने छ ।

७४. भाका नाघेका रिण असुलीमा सहजीकरण गर्न सहकारी सुशासन तथा संस्थागत क्षमता अभिबृद्धिका लागि व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गरि गरिवि निवारण कोष र स्थानिय विकास कोषको रकमलाइ सहकारी संग आबद्ध गरिने छ साथै सहकारीको अनुगमन निरीक्षण गरी वित्तीय सुशासनमा जोड दिइनेछ ।

७५. **"सक्षम सहकारी भरिन्छ भकारी"** भन्ने मूल नाराका साथ वडामा संचालित कृषि सहकारीहरु मार्फत कृषकलाइ घुम्ती तथा बिउ पुजी कोष संचालन गरि सहकारीको ऋण प्रवाहमा आइपर्ने समस्या समाधानका लागि आवस्यक पहलकदमी गरिनेछ ।

७६. नागरिकलाई बैंकिङ्ग तथा वित्तीय सेवामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने बातावरण सृजना गरिनेछ साथै गाउँपालिका भित्र थप वित्तीय संस्था स्थापना गर्नका लागि आकर्षण गर्ने नीति अवलम्बन गरी वित्तीय संस्थाहरुलाइ ब्यवसायीक कृषि तथा अन्य आयमुलक कार्यमा ऋण लगानी तथा अनुदान प्रवाहका लागि सहजीकरण गरीनेछ ।

७७. गाउँपालिका भित्र कार्यक्षेत्र भएका लघुवित्त संस्थाहरुलाई नियमन गरिनुका साथै बैङ्क तथा लघुवित्तहरुलाई सामाजिक उत्तरदायित्व कार्यक्रम कार्यान्वयन गर्न पालिका संग समन्वय गर्नै पर्ने बाध्यकारी नीति अपनाईनेछ।

७८. गाउँपालिकामा रहेका वेरोजगार युवाहरुका निम्ति रोजगार सम्बन्धि सुचना र कार्यक्रममा पहुँच बढाउन रोजगार सेवा केन्द्र मार्फत आवश्यक व्यवस्था मिलाई युवाहरुलाई दुर्व्यशन, हिंसा र कुलतबाट मुक्त गराउन नैतिक शिक्षा, योग, ध्यान आत्मसुरक्षा कला तर्फ आकर्षित गर्नेगरी शिक्षा शाखा र स्वास्थ्य शाखाका कार्यक्रमहरुलाई अन्तर सम्बन्धित गरि सञ्चालन गरिनेछ ।

७९. रोजगारीको शिलसिलामा बिदेश गएका युवाहरुले आर्जन गरेको बिप्रेशण रकमलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्नेगरि सुचना प्रविधिका माध्यमबाट सचेतना मुलक सन्देश पठाईने व्यवस्था मिलईनेछ साथै साक्षर युवाहरुलाई सूचना प्रविधि तथा सिप विकास र उद्यमशिलता तालिम संग जोड्दै विद्यालय संगको समन्वयमा एकिकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

८०. अजयमेरु गाउँपालिकाका युवाहरुलाई रोजगारी तर्फ आकर्षित गर्न लोकसेवा तथा शिक्षक सेवा आयोग लगायत अन्य प्रतिसपर्धात्मक परिक्षाका तयारी कक्षाहरु सञ्चालन तथा युवाहरूको मागमा आधारित सिप विकास तालिम संचालन गरि रोजगारी तथा युवा उद्यमशिलताको सिर्जना गर्ने नीति लिईनेछ ।

८१. दक्ष कामदारहरुको तथ्यांक संकलन गर्ने कार्य अगाढी बढाइने छ।

८२. प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं प्रदत्त हकलाई व्यवहारमा कार्यान्वयन गर्न सामुदायिक सिकाई केन्द्रहरुको परिचालन अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ कार्यान्वयनका लागिका आधारभूत मापदण्डहरु निर्माण तथा गाउँपालिकामा खुल्ला विद्यालय संचालन गरी आधारभूत शिक्षा प्राप्त नगरेकाहरुको ज्ञान/सीप परिक्षण गरी समकक्षताका लागि आवश्यक पहल गरिनेछ ।

८३. **अभिभावकको इच्छा गुणस्तरीय शिक्षा कार्यक्रम** अन्तर्गत अभिभावक भेटघाट तथा गाउँपालिकास्तरमा अभिभावकसँग कार्यशाला संचालन गर्न विद्यालयहरुसँग आवश्यक सहयोग र समन्वय गरिनेछ|

८४. विद्यालय वाहिर रहेका विद्यालय उमेर समूहका सबै बालवालिकाहरुलाई अनिवार्य विद्यालयमा भर्ना गराई आधारभूत तहसम्मको शिक्षा हासिल गराउनका लागि गाउँपालिकाका सबै शैक्षिक संयन्त्रहरुलाई आवश्यक सहजिकरणका लागि कार्ययोजना सहित परिचालन गरिनेछ ।

८५. बाल मैत्रि विद्यालय तथा गुणस्तरिय शिक्षका लागि १० बर्षे शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्दै प्रारम्भिक बाल विकास प्रवर्द्धन तथा बृहत विद्यालय सुरक्षा योजना बनाइ लागु गरिनेछ ।

८६. गैरसरकारी संस्थाहरूसँगको साझेदारीमा बालविकास केन्द्रहरूलाई बालबालिकाको रुची अनुसारको पूर्वाधार विकास गर्दै सबै बालबालिकाको प्रारम्भिक बालविकास शिक्षामा पहुँच पुर्याउने नीति लिइनेछ।

८७. "**शिक्षामा गरिने खर्च, खर्च होइन लगानी हो**" भन्ने नाराका साथ विद्यालयहरुको शैक्षिक उपलब्धी सुधार गर्न सरोकारवालाहरुसँग अन्तरक्रियात्मक छलफल गर्न सबैको व्यापक सहभागितामा **शैक्षिक सम्मेलन आयोजना** र विषयगत शैक्षिक उपलब्धी सुधारका लागि गाउँपालिका अन्तरगत रहेका विषयगत शिक्षकहरुको विषयगत क्षमता विकास गर्न **विषयगत शिक्षक सम्मेलन आयोजना** गरिनेछ ।

८८. पोषण विशेष कार्यक्रम अन्तर्गत सिकाई उपलब्धी अभिवृद्धि तथा पोषण सुधार क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ साथै सिकाइ उपलब्धि कम भएका विषयमा अतिरिक्त कक्षा सञ्चालन गर्नै पर्ने बाध्यकारी नीति लिइनेछ ।

८९. शिक्षा दिवस तथा गाउँपालिकाले विशेष अवसरपारि शिक्षा क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने संस्थापक, सामाजिक अगुवा, शिक्षक तथा कर्मचारिहरु तथा शिक्षा क्षेत्रमा विशिष्ट योगदान गर्नेलाई सम्मान गरिनेछ साथै लामो समयसम्म गाउँपालिका अन्तर्गतका विद्यालयमा सेवा गरेका शिक्षक कर्मचारिहरुलाई अनिवार्य अवकास हुने शैक्षिक वर्षमा सम्मान गर्ने नीति लिइनेछ ।

९०. **विद्यालयका शैक्षिक गतिविधि, सामुदायिक विद्यालयमा जनप्रतिनिधी** भन्ने नारा सहित प्रत्येक महिना एक जनप्रतिनिधि एक विद्यालयमा अनिवार्य अवलोकन भ्रमण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९१. सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरुका छोराछोरीहरुलाई भर्ना गर्न उत्प्रेरित गर्ने नीति लिइनेछ ।

९२. शैक्षिक गुणस्तर सुधार तथा पालिकामा कार्यरत शिक्षकहरुलाई सबै भौगोलिक वडाको अनुभव दिलाउन आवधिक सरुवा प्रणाली स्थापनाका लागि मापदण्ड निर्माण कार्यको थालनी गरिने छ साथै विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षको कार्यसम्पादन मुल्याङ्कन र सरुवासँग आवद्ध गरि शैक्षिक गुणस्तर सुधारका लागि लगातार २ बर्षसम्म सन्तोषजनक नतिजा ल्याउन नसक्ने शिक्षकलाई अन्यत्र विद्यालय सरुवा गर्ने नीति कडाइका साथ अवलम्बन गरिने छ।

९३. प्राविधिक धार सञ्चालन गरेका विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक परीक्षाका लागि किसानको बारिमा अनिवार्य खटाउने व्यवस्था गरिनेछ ।

९४. विद्यालयहरुको भौतिक पक्षमा हुँदै गएको सुधारात्मक अवस्थालाई मध्यनजर गरि विद्यालयको सौन्दर्यिकरणका लागि **एक विद्यालय एक फूलबारी तथा हरित विद्यालयको** अवधारणालाई व्यवहारतः लागू गरिनेछ ।

९५. अपाङ्गता तथा फरक क्षमता भएका, टुहुरा, जेहेन्दार, शहिद परिवारका बालवालिका, वेपत्ता तथा घाइते परिवारका छोराछोरीहरुलाई उच्च शिक्षाका लागि छात्रवृत्ती उपलब्ध गराउन सकिने नीति लिईनेछ ।,

९६. शैक्षिक गुणस्तर अभिवृद्वी गर्न शिक्षक कर्मचारीहरुको उपलब्धीका आधारमा प्रोत्साहन गर्ने नीतिमा निरन्तरता दिइनेछ ।

९७. दरबन्दी तथा विद्यार्थि संख्याको आधारमा विद्यालयहरूको तह मिलान तथा समायोजन गरि दरबन्दी नभएका वा न्यून भएका सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षकहरुको समस्या समाधानका लागि स्वयमसेवक शिक्षक कार्यक्रमको निरन्तरता दिइनेछ ।

९८. विद्यालयहरूमा कार्यरत खेलकुद प्रशिक्षकहरुको निरन्तरता सहित सबै विद्यालयमा पहुँच हुने गरि कार्य योजना बनाइ खेलकुद प्रशिक्षकहरुसँग कार्य सम्पादन करार गरिनेछ ।

९९. प्राविधिक तथा उच्च शिक्षा अध्ययन गरि सकेका युवाहरुलाई सामुदायिक विद्यालयमा स्वयमसेवा गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१००.गाउँपालिकाबाट चिकित्सा शिक्षा **(MBBS)** अध्ययनका लागि छनौट भएका विद्यार्थीहरुका लागि **MBBS** अध्ययन छात्रवृत्ती उपलब्ध गराउने कार्यक्रमको निरन्तरता दिइनेछ ।

१०१. **हरेक बार, खाना चार** तालिका अवलम्बन हुने गरि विद्यालयमा अध्ययनरत सबै बालवालिकाहरुको पोषण सुधारका लागि विद्यालय दिवाखाजा तथा पोषण अन्तरगतका सबै कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन र जीवन रक्षा केन्द्रसँगको साझेदारीलाई निरन्तरता दिइनेछ ।

१०२.गाउँपालिका स्तरबाट सञ्चालन हुने गरि कक्षा ८ को परीक्षा तथा विद्यालय स्तरका परीक्षाहरु सञ्चालनमा एकरुपतामा सञ्चालन गरिनेछ साथै सबै कक्षाका सबै विषयमा प्रश्नहरु मापदण्ड अनुसारमा हुने गरि निर्माण गर्न प्रश्नपत्र निर्माण कार्यशाला आयोजना गरिनेछ ।

१०३. गाउँपालिकामा नयाँ नियुक्त भएका शिक्षकहरुलाई मेन्टर शिक्षकहरु मार्फत अनुगमन गराइ उनीहरुको क्षमता विकासका लागि कार्यक्रमको निरन्तरता दिइनेछ ।

१०४. प्रधानाध्यापक र शिक्षक कार्यसम्पादन करार सम्झौताका लागि गाउँपालिका स्तरमा प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार सम्झौता कार्य निनरन्ता दिइनेछ ।

१०५. सबै विद्यालयहरुमा इन्टरनेट सुविधाकोलागि अनुदान रकमको निरन्तरता दिइनेछ ।

१०६. सबै बालविकासहरुका लागि आवश्यक खेल सामग्रीको उचित व्यवस्थापन गरिनेछ ।

१०७. गाउँपालिकास्तरमा बाल सञ्जाल गठन गरि बाल अधिकार संरक्षण तथा सम्वर्धनका लागि विद्यालयस्तर तथा गाउँपालिका स्तरमा कार्यक्रहरुको आयोजना गरिनेछ ।

१०८.बालविबाह तथा दुर्वयसन र आत्महत्याको  बढ्दो समस्या समाधानका लागि चेतनामूलक कार्यक्रमहरु आयोजना गर्न गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरि मनोसामाजिक परामर्श कार्यक्रहरुको आयोजना गरिनेछ ।

१०९.सबै विद्यालयहरुलाई अनिवार्य पूर्व विद्यार्थी समाज गठन गर्न लगाइ विद्यालयको समग्र विकास कार्यमा उत्प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ ।

११०.नेपाल सरकारबाट नमुना विद्यालयको लागि भौतिक तथा शैक्षिक सुधारका लागि प्राप्त रकमको सहि उपयोग हुने गरि कार्यक्रमको निरन्तरता दिइनेछ ।

१११.विद्यालयस्तरमा खेलकुदको विकासका लागि एक माध्यमिक विद्यालय एक सम्पर्क शिक्षक कार्यक्रमको निरन्तरता दिइनेछ ।

११२.विद्यालयमा अध्ययनरत छात्राहरुलाइ निशुल्क वितरण गरिने सेनेटरी प्याड वितरणमा सहजता ल्याउन अनिवार्य महिला शिक्षक सम्पर्क शिक्षक हुने गरि कार्यान्वयमा ल्याइनेछ साथै प्रयोग भएका सेनेटरी प्याड व्यस्थापन गर्न आवश्यक प्रविधिको व्यवस्था मिलाईनेछ ।

११३.सामुदायिक विकास केन्द्र डोटी, राष्ट्रिय मुक्त हलिया समाज डडेल्धुरा, बहुउद्देशिय विकास समाज, एकिकृत विकास समाज लगायत संघ, प्रदेशका कार्यालयहरु र अन्य गैर सरकारि संघसंस्थाहरु संग सँग लागत साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।

११४.विद्यालयको तथ्यांकलाई व्यवस्थित गर्न ।EMISसम्बन्धी कार्य गर्ने शिक्षकलाई क्षमता विकास तालिम सञ्चालन र विषयगत शिक्षकहरुको समूह गठन गरि विषयगत समस्या समाधान कार्यको सुरुवात गरिनेछ ।

११५.सबै कक्षा र सबै विद्यालयका विद्यार्थीहरुको हातहातमा स्थानिय विषय हाम्रो अजयमेरु निशुल्क वितरणका लागि वैशाख पहिलो हप्ता मै विद्यालयलाई उपलब्ध गराइनेछ साथै बालवालिकाहरुको हातहातमा निशुल्क पाठ्यपुस्तक पुग्ने गरि चैत्र पहिलो हप्ता विद्यालयको खातामा अनुदान रकम निकासा गरिनेछ ।

११६.सबै शिक्षक कर्मचारीहरुको खातामा नै मासिक तलब भुक्तानि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

११७.विद्यार्थी सिकाइ कार्यलाई थप प्रभावकारी बनाउन शिक्षक डायरीको प्रयोगको निरन्तरता दिइनेछ।

११८.सबै विद्यालयहरुमा अनिवार्य गुनासो पेटिका, सुचना अधिकारी, गुनासो सुन्ने अधिकारी को अनिवार्य व्यवस्था मिलाइ सूचनाको हक र पारदर्शिता प्रवर्धन गरिने छ |

११९.विद्यालयहरुलाई बोलाउने, सिकाउने, टिकाउने र विकाउने थलोका रुपमा विकास गर्न विद्यालयमा कार्यरत शिक्षक कर्मचारी तथा सरोकारबालाहरुको क्षमता विकास गरिनेछ

१२०.विद्यार्थीहरुलाई सामाजिक उत्तरदायित्व बोध गराउन सामाजिक कार्यमा सहभागी गराई माटो र पसिनालाई सम्मान गर्ने जनशक्ति उत्पादनमा जोड दिइनेछ।

१२१.विद्यालयमा शतप्रतिशत हाजिर हुने शिक्षक, शिक्षक कर्मचारी, र विद्यार्थिहरुलाई प्रोत्साहन गरिने नीति अवलम्वन गरिनेछ ।

१२२.विद्यालयमा नियमित गई आफ्ना नानीबाबुहरुको शैक्षिक प्रगति बारे जानकारी लिने सक्रिय अभिभावकहरुलाई सम्मान गर्न विद्यालयहरुमा कार्यक्रम आयोजना गरिनेछ ।

१२३.दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै वडा स्तरीय खेलकूद कार्यक्रमहरू फरक विधा र समावेशी हुनुपर्ने गरी वडा कार्यालयसंग समन्वय गरिनेछ।

१२४.गाऊँपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाउँपालिका स्तरीय खेलकुद , अध्यक्ष कप प्रतियोगिता , राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता ,आधारभुत विद्यालय स्तरिय खेलकुद प्रतियोगिता,मैत्रीपूर्ण शिक्षक खेलकुद प्रतियोगिता आयोजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१२५.योग गरौ निरोगी बनौ भन्ने मूल नाराका साथ पालिका भित्रका खेलाडी तथा गाउँपालिका वासीलाई योग अवसरको सिर्जना गरिनेछ ।

१२६.गाउँपालिकाका खेलाडीहरुलाई स्वास्थ्य बिमामा आबद्ध गराउन आश्यक पहल गर्ने नीति लिइनेछ ।

१२७.**"अध्यक्षको चाहना स्वास्थ्य निरोगी जनता"** कार्यक्रम अन्तरर्गत ६० वर्ष माथिका नागरिकहरुलाई नियमित स्वास्थ्य परीक्षणका लागि, जनप्रतिनिधि सहित घरघरमा स्वास्थ्यकर्मी जाने अभियान लाई निरन्तरता दिइनेछ ।

१२८.**"गाउँघरमा डाक्टर कार्यक्रम"**मार्फत महिनामा एक पटक हरेक वार्डमा डाक्टर सहितको भिडियो एक्सरे, ई.सी.जी सेवा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिई बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाई प्रत्येक वडामा २ बर्ष मुनिका बालबालिकाको पोषण लेखाजोखा गरि अति कुपोषीत वालवालीका केन्द्रीत बिशेष पोषण प्याकेज संचालन गरिनेछ ।

१२९.**किसोर किसोरीमैत्री स्वास्थ्य संस्थाको अबधारणाका साथै न्यूनतम सेवा मापदण्डमा मा सवै स्वास्थ्य संस्थाहरुलाई ८०% भन्दा माथी पुग्ने गरी पूर्वाधार विकास गरिनेछ।**

१३०.स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि गर्दै प्रभावकारी रुपमा सवै जनताको स्वास्थ्यमा पहुँच अभिबृद्धि गर्ने नीति अवलम्बन गर्दै आधारभूत स्वास्थ्यको पहुँचबाट टाढा रहेका वस्तीहरुमा सञ्चालीत सामुदायिक स्वास्थ्य इकाइ लाइ निरन्तरता दिइनेछ ।

१३१.**No More Home Delivery** कार्यक्रम प्रभावकारी ढंङ्गले अगाडी बढाइ आगामि आ व मा गाउपालिकालाई **No More Home Delivery** गाउँपालिका घोषणा गर्दै पुर्ण मातृ तथा बालमृत्यु मुक्त तथा पुर्ण उत्तर प्रसुति र पूर्ण गर्भजाँच पालिका घोषणाको लागि तयारी, कुपोषण मुक्त पालिका घोषणाकोलागि पोषण विशेश कार्यक्रम संचालन तथा पूर्ण खोप सुनिश्चित कार्यक्रम लाई सुनिश्चित गरिनेछ।

१३२.आधारभुत अस्पतालबाट डाक्टर सहितको ई.सी.जी., भिडीयो एक्स रे, एक्स रे,प्रयोगशाला, ओ.पि.डी सेवा लाई निरन्तरता दिई ग्रामिण भिडियो एक्सरे सेवा विस्तार गरीनेछ साथै गाउँपालिका भित्रका प्रत्येक बर्थिङ सेन्टरमा महिलाहरुको निशुल्क पाठेघरको क्यान्सर रोगको परीक्षण गर्ने व्यवस्था मिलाईने छ ।

१३३.स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावहरुलाई निरन्तरता दिदै आधुनिक उपकरण सहित प्रभावकारी बनाइनेछ विशेषज्ञ स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाउन विशेषज्ञ सहितको स्वास्थ्य शिवीर संचालन गरिनेछ साथै गाउँपालिकामा सल्यक्रिया सहितको आँखा सिविर संचालन गरिनेछ ।

१३४.विद्यालय स्तरमा आँखा परिक्षण कार्यक्रम संचालन गरिनेछ ।

१३५.निशुल्क औषधी वितरण कार्यक्रमको सुचीमा नभएका केहि शसुल्क औषधी निसुल्क वितरण गरिनेछ ।

१३६.मातृ तथा बालस्वास्थ्यका लागी महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य संस्थालाई प्रदान गरिदै आएको सञ्चार खर्चलाई निरन्तरता दिइनेछ ।

१३७.भद्रपुर आधारभूत अस्पताल ,चमडा, देवल र राजुल स्वास्थ्य चौकीमा संचालित २४ घण्टे फार्मेसि सञ्चालनलाई निरन्तरता दिदै थप अनुगमन तथा प्रभावकारी गरिनेछ ।

१३८.आधारभुत स्वास्थ्य सेवा अन्तरर्गत तोकिएका सवै औषधीहरुको आपुर्ति दुरुस्त राख्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१३९.नागरिक आरोग्य सेवा केन्द्र एक वटा थप गरि पुर्वकर्म तथा पञ्चकर्म सेवा र आँखा उपचार केन्द्रलाई निरन्तरता दिइनेछ ।

१४०.गरिव तथा बिपन्न जटिल गर्भवतिहरुलाई प्रेषण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१४१.बिद्यालय नर्स कार्यक्रम लाई निरन्तरता दिदै विद्यालय किशोरी आईरन कार्यक्रम अन्तर्गत किशोरीहरुलाइ आइरन खुवाउने कार्यक्रमलाई लाइ थप प्रभावकारी बनाइनेछ ।

१४२.एम्वुलेन्स सेवामा गरिव तथा अति विपन्न परिवारका विरामीलाई ५०% छुटको व्यवस्था गर्न मापदण्ड निर्माण गरिने छ।

१४३.प्लाष्टिकजन्य सामग्रीहरुको प्रयोगलाई निरुत्साहित गरी हरित स्वास्थ्यसंस्था, विद्यालय, कार्यालय तथा बजारको अवधारणालाई कार्यन्वयनमा ल्याईनेछ ।

१४४.आठ पटक गर्भजाँच लाई थप प्रभावकरी बनाउन गर्भजाँच प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिईनेछ ।

१४५.स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन **"स्वास्थ्य संस्थामा स्थानीय सरकारको उपस्थिति तथा दुर्गम वस्तिका जनता संग सरकार "**कार्यक्रम मार्फत स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाई खोप तथा गाउँघर क्लिनिक हरुलाई सुदृढिकरण गरिनेछ ।

१४६.महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रमलाई प्रभावकारी वनाउन योगदानमा आधारित महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रम लाई निरन्तरता दिइनेछ साथै आवस्यकता अनुसार थप गर्ने निति लिइनेछ ।

१४७.संस्थागत विकास र सूचना प्रणालीलाई सुदृढिकरणका लागि प्रविधिमैत्री स्वास्थ्य संस्था स्थापित गर्नुका साथै डिजिटल हेल्थ कार्यक्रम लाई निरन्तरता दिनुका साथै विस्तार गरिनेछ।

१४८. नसर्ने रोगको महामारि बढिरहेको अवस्थामा वर्षको २ पटक ब्लड प्रेसर,सुगर र पिसावमा प्रोटिनको मात्राको निशुल्क जाँचको व्यवस्था मिलाइनुका साथै क्षयरोग मुक्त पालिका अभियान लाई आगामि वर्षमा ब्यापक रुपले अगाडि बढाइनेछ ।

१४९.स्तन क्यान्सर सम्बन्धि स्व:परिक्षण कार्यक्रम लाई आगामि आर्थिक वर्ष मा अभियानका साथ अगाडि बढाइने छ साथै पाठेघरको क्यान्सरको स्क्रिनिङ्ग सेवा लाई सम्पूर्ण वडाहरुमा बिस्तार गरिनेछ ।

१५०.गाउँपालिकाको सदरमुकाममा दन्त सेवालाई थप गरि सेवा विस्तार गरिने छ साथै भद्रपुर आधारभुत अस्पतालमा २४ घण्टे सेवा सुरु गर्नको लागि आधार तयार गरिने छ।

१५१.देवल तथा चमडा स्वास्थ्य चौकिको भवन निर्माण तथा पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार संगको समन्वयमा कार्य गर्ने नीति लिइनेछ।

१५२.सबै भन्दा वढि खानेपानीको समस्यामा रहेको वडा नं ५ र ६ को समस्या समाधान गर्न सोर्नाया डागेश्वरी लिफ्ट वहुउपयोगी खानेपानी तथा सिचाइ आयोजनाको काम सम्पन्न गरिने छ साथै खानेपानी सुबिधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।

१५३.पूर्ण सरसफाई यूक्त गाउँपालिका घोषणा गर्न आधार बनाउने नीति अवलम्बन गरिनेछ साथै पानी परिक्षणका लागी स्थापित पानी परिक्षण ल्यावलाई निरन्तरता दिनुका साथै सुदृढ गरिने छ ।

१५४.पानी मुहानहरु रिचार्ज गर्ने नीति अवलम्बन गर्दै अजयमेरु गाउँपालिकाका पुराना खानेपानी योजनाहरु जनसहभागीतामा मर्मत गर्ने निती लिइनेछ ।

१५५.फोहोरलाई जैविक मलको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१५६.नेपाल सरकारको आगामी तीन वर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समतामूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिकामा स्थापित खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्डको मातहत वास युनिटलाई निरन्तरता दिदै सो मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१५७.गाउँपालिकाले तयार गरेको जलउपयोग गुरुयोजनालाई समीक्षा गर्दै विद्यमान सबै खाले खानेपानी, सिँचाई लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत नियमावली बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई गाउँपालिकास्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।

१५८.नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवं गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न र पानी जन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।

१५९.खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै चाङ्गजुठान निर्माण कार्यलाई निरन्तरता दिई विस्तार गरिनेछ ।

१६०.हरेक टोललाई सरसफाई युक्त टोल घोषणा गर्ने कार्यलाई निरन्तरता दिइ एक घर एक धारा नीति ल्याइने छ

१६१.खानेपानीका योजनामा प्रयोग हुने पाइप तथा फिटिङहरुको गुणस्तर कायम राख्न ति समाग्रिहरु गाउँपालिकाले नै खरिद गरि वितरण गर्न आवश्यक नीति अपनाइने छ।

१६२.संघ र प्रदेश सरकारसँगको साझेदारीमा भद्रपुर खानेपानी, देवल राजुल खानेपानी, देवल दिव्यपुर वृहत खानेपानी योजना संचालनका लागि समन्वय गरिने छ।

१६३.दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुदका विविध कार्यक्रमहरु संचालन तथा खेलकुद कार्यक्रमहरूमा समन्वय गर्न गाँउपालिका स्तरीय खेलकुद समितिलाई थप क्रियासिल बनाई खेलकुद विकासका लागि राष्ट्रिय स्तरको बहुउद्देशीय चम्बेताल खेल मैदाननिर्माण कार्यलाई निरन्तरता दिईने छ ।

१६४.गाउँपालिका स्तरीय, विद्यालय स्तरीय खेलकुद, वडा स्तरीय खेलकूद, राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, उपराष्ट्रपति प्रतियोगिता, मैत्रीपूर्ण शिक्षक खेलकुद प्रतियोगिता, कर्मचारी जनप्रतिनिधि मैत्रीपूर्ण खेलकुद प्रतियोगिता आयोजना गरिनेछ साथै छिमेकी स्थानीय सरकारहरुसंग विभिन्न राष्ट्रिय दिवसहरुका अवसरमा मैत्रिपूर्ण खेलकुद प्रतियोगिता आयोजना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६५.गाउँपालिकामा कार्यरत विभिन्न विधाका प्रशिक्षकहरुलाई निरन्तरता दिदै समय सापेक्ष क्षमता विकास गर्ने र गाउँपालिका भित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडिहरुको सम्मान गर्दै उनीहरुको अनुभवको भरपुर उपयोग गर्ने निति लिईनेछ।

१६६.मार्सलआर्टका खेलहरुलाई अनिवार्य रुपमा सवै वडामा रहेका माध्यमिक विद्यालयहरुमा लागु गरिने तथा आधारभुत तहमा क्रमिक रुपले अगाडी बढाउने नीति लाई निरन्तरता दिईनेछ ।

१६७.समावेशी, बालमैत्री, अपाङ्ग मैत्री, किशोर किशोरी मैत्री, जेष्ठ नागरिक मैत्री, महिला मैत्री नीति तथा कार्यक्रम निर्माण गर्ने नीति लिंदै सार्वजनिक सेवा प्रवाह, विकास निर्माणमा सवै नागरिक तथा वर्गको सम्मानजनक उपस्थिती गराइनेछ ।

१६८.सन्तान नभएका दम्पत्तिहरु तथा सामाजिक सुरक्षामा आवद्ध हुन नसकेका संरक्षक नभएका एकल महिला तथा पुरुषलाई सामाजिक संरक्षण गर्ने नीति लिई विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१६९.लैगिंक हिंसा र घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिका तथा अपागंता भएका व्यक्तीको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धी सम्झौता र प्रतिवद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण, बचाउ, विकास र सहभागीतामा जोड दिने नीति लिइनेछ ।

१७०.महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन र अपाङ्गता भएका व्यक्तिलाई सम्मानपूर्ण जीवनको प्रत्याभुति गर्न भिन्न क्षमता भएका व्यक्तिसंग स्थानिय सरकार कार्यक्रम संचालन गरिनेछ ।

१७१.बालश्रम मुक्त गाँउपालिका घोषणाका लागि सहयोगी निकायहरुसंग समन्वय गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै सक्षम महिला सम्मृद्ध अजयमेरु कार्यक्रम संचालन गर्न विषयगत शाखाका कार्यक्रमहरु विच तादाम्यता मिलाईनेछ ।

१७२.लैङ्गिक समानता र सामाजिक समाबेशीकरण बजेट परिक्षण (GESI अडिट) गरि योजना तथा कार्यक्रम तर्जुमा गर्ने नीति लिईनेछ । एकल महिलासँग उपाध्यक्ष कार्यक्रमलाइ निरन्तरता दिईनेछ ।

१७३.अपाङ्गता परिचय पत्र वितरणलाई सहज बनाउन घरदैलोमै गई वितरण गर्ने व्यवस्था मिलाईनेछ ।

१७४.बालश्रम, बालविवाह, छाउपडि प्रथा, जातीय भेदभाव तथा छुवाछुत उन्मुलनका लागि कडा नीति अवलम्बन गर्दै अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७५."ज्येष्ठ नागरिकसंग जयराज कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

१७६.गाउँपालिकाको कार्यालय लगायत सवै कार्यालयहरुमा स्तनपान कक्ष निर्माण गरिनेछ ।

१७७.गाउँपालिकाद्वारा संचालन गरिने योजनामा कम्तीमा एक वडामा एक उपभोक्ता समिति अनिवार्य रुपमा शत प्रतिसत महिला सहभागिताको सुनिश्चितता गरिनेछ र अन्य उपभोक्ता समितीहरुमा पदाधिकारी सहित ५० प्रतिशत महिलाको सहभागीता अनिवार्य गराईने नीतिलाई निरन्तरता छ ।

१७८.महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न गाउँपालिका उपाध्यक्षहरुको सम्मेलनले पारित गरेको मर्यादित महिनावारी स्वच्छता व्यवस्थापनको धनगढी घोषणा पत्र कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१७९.दलित तथा मुक्त हलियाहरुको उद्यमशिलता विकास, आयआर्जनमा बढोत्तरी र प्राविधिक शिक्षा अध्ययनका लागि राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालसंग सहकार्यलाई निरन्तरता दिइनेछ ।

१८०.ज्येष्ठ नागरिकहरुको सीप, ज्ञान एवं अनुभवलाई गाउँपालिकाको विकासको आधारका रुपमा लिदै प्रत्येक वडामा ज्येष्ठ नागरिक आरोग्य चौतारी, मिलन तथा भेटघाट केन्द्रको निर्माणका लागि पहल गरिनेछ साथै ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता वितरणलाई घरदैलोसम्म पुग्ने व्यवस्था लाई निरन्तरता दिईनेछ ।

१८१.दलित समुदायको व्यवसाय, व्यापार तथा कृषिजन्य उत्पादनहरु सम्बन्धी करमा विशेष छुटको व्यवस्था गरिनेछ ।

१८२.गाउँपालिका क्षेत्रभित्रका अनाथ बालबालिकाहरुको गाँस, बास र कपास सहित अन्य आधारभूत आवश्यकताहरुको प्रत्याभूती गराउन अनाथ बालबालिका विशेष कार्यक्रम संचालन गरिनेछ ।

१८३.राज्यले तोकिएमा बाहेक गाउँपालिकाबाट प्रदान गरिने अन्य सबै सेवाहरु (क) र (ख) बर्गका अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तीलाई निशुल्क रुपमा प्रदान गरिनेछ ।

१८४.दलित तथा जनजाती समुदायको चौतर्फि विकासको लागि तिनीहरुको परम्परागत पेशा, सीप,कला, दक्षतालाई सुदृढिकरण गर्दै आधुनिकीकरण गर्ने नीति लिईने छ । मुक्त हलिया, भूमिहीन, विपन्न वर्ग, किसानलाई नेपाल सरकारले गरेको प्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थित गरि रोजगार तथा अन्य आयआर्जनका कार्यक्रममा आबद्ध गरिने छ । साथै स्थानिय तहले छुट मुक्त हलियाहरुको पहिचानका लागि स्थानिय तथ्याङ्क संकलन, प्रमाणिकरण र परिचय पत्र वितरण कार्यको थालनी गरिनेछ ।

१८५.मुक्त हलिया तथा दलित बालबालिकाहरुको शैक्षिक गुणस्तर बृद्धि गर्न छात्रबृत्ति तथा शैक्षिक समाग्रीहरु सहयोग गर्ने नीति लिईनेछ ।

१८६.महिला सशक्तीकरणका लागि द्वारिका देवी ठकुरानी महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१८७.अपाङ्गता भएका व्यक्तिहरुलाइ आवस्यक सहयोगी सामग्री प्रदान गर्ने साथै आयमुलक सिप प्रदान गर्ने नीति लिईनेछ।

१८८.लैंगिक हिँसा निवारण कोषलाई थप सुदृढ गरिनेछ।

१८९.खोलिएका ट्र्याकहरुको ग्रेड सुधारी स्तरोन्नती, मोड सुधार र चौडा विस्तार गर्दै यस आर्थिक वर्षमा जिल्ला सदरमुकाम वाट गाउपालिका केन्द्र जोडिने सडकको कालोपत्रेको कार्य अगाडि वढाइनेछ । साथै समग्र आर्थिक सामाजिक कृयाकलापहरु विस्तार गर्न गुणस्तरीय सडक निर्माणका लागि एक गाउँ एक सडक मार्फत सवै वडा सदरमुकाम र गाउँपालिका सदरमुकाम जोड्ने १२ महिना चल्ने सडक निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१९०. बेउरीगाड, कोषगाड, चौकीगाड, चिनढुङ्गागाड, बसानागाड, हुरागाड, दोगाड र सुर्नयागाडमा सडक पुल निर्माण प्रकृया अगाडी बढाउन पहल गरिनेछ ।

१९१.ट्र्याक खोलीएका कम्तीमा एक वडाका १ सडक लाई परिक्षणको रुपमा हरित सडक निर्माण गर्न सडकको दायाँवाँया वृक्षारोपण गरी ५ वर्ष भित्र संरक्षणसहित हरित सडक निर्माण गर्दै विस्तार भएका सडकमा अनिवार्य रुपमा सडक नालीको व्यवस्था गर्ने निती लिइनेछ ।

१९२.उपभोक्ता समितिद्धारा संचालन हुने लागत सहभागिता ( श्रमदान ) लाई व्यवहारिक र अनिवार्य वनाईनेछ ।

१९३. विगतमा सम्पन्न योजनाको वर्तमान अवस्था आकलन गरी उपभोक्ता समितिलाई योजनाको संरक्षण र संवर्धनमा जिम्मेवार बनाईनेछ । सम्पन्न योजनामा पटक पटक बजेट माग गर्ने प्रवृत्ति निरुत्साहित गरिनेछ ।

१९४.सडक संजाल विस्तार तथा व्यवस्थापनका लागि एक जिल्ला वाट अर्को जिल्लाको सिमा, एक स्थानिय तहवाट अर्को स्थानिय तहको सिमा र एक वडा वाट अर्को वडाको सिमा सम्म जोड्ने सडक स्तरोन्नतीमा प्राथकिकताका साथ **"स्तरीय सडक यातायातमा जनताको पहुँच"**भन्ने नारालाई कार्यान्वयन गराइने छ ।

१९५.अन्तर पालिका सडक ठेक्काहरुको व्यवस्थापन छिमेकी पालिकासँग लागत साझेदारीका कार्यक्रम संचालन गरिनेछ ।

१९६.संघ र प्रदेशसंगको पहलमा साना, मझौला ठूला सिंचाई आयोजनाहरुको विस्तार र सुदृढ गर्ने नीति अवलम्बन गरिनेछ ।

१९७.कृषि योग्य सिचित जमिनमा सिचाईको प्रवन्धका लागि आवस्यक सिचाई योजनाहरु संचालन गरिनेछन ।

१९८.गाउँपालिका भित्र सिंचित कृषी योग्य जमीनको अध्ययन गरी एक वडा एक सिंचाई नीति मार्फत सिंचित क्षेत्रमा कृषकलाई आकर्षण बढाई बाझो जग्गाको भरपुर उपयोग गरीनेछ ।

१९९.खोला किनार नजीकका कृषी योग्य जमीनका लागी विद्युतीय उपकरण प्रयोग हुने गरि कम लागतमा स्थानीय जनताको साझेदारीमा मोटर तथा लिफ्ट सिचाईको व्यवस्था गरिनुका साथै परम्परागत सिंचाई कुलोको संरक्षणमा जोड दिई पानी घट्ट सहित सिंचाइ गरीने कृषी योग्य जमीनको छनौट गरि बहुउपयोगी सिंचाई प्रयोगको निती लिईनेछ ।

२००.सबै वडाका सम्भाबित स्थानहरुमा लिफ्ट सिंचाइ योजनाहरुको निर्माण कार्यको निरन्तरताका लागि प्रदेश सरकारसँग समन्वय गरिने छ।पिलायल, कुन्का लागायताका अन्य सम्भावित गाउँहरु पहिचान गरि लिफ्ट सिंचाइको सम्भाव्यता अध्ययनका लागि तयारी गरिने छ।

२०१.भौतिक निर्माणका कामहरुमा स्थानीय कच्चा पदार्थको प्रयोगमा विशेष प्राथमिकता दिइने छ। संघीय सरकार संगको सहकार्यमा एकिकृत वस्ति निर्माण कार्य निरन्तरता दिइनेछ ।

२०२.भवन निर्माण आचार संहिता – २०८१ अनुरुप गाउँपालिका स्तरीय आचार संहितालाई परिमार्जन गरिनेछ साथै गाउँपालिका भित्र निर्माण हुने नयाँ भवनहरु घर नक्सा पास गरेर मात्र बनाउन जनसमुदायलाई उत्प्रेरीत गराइनेछ र सोका लागि पूर्वाधार शाखामा कार्यरत कर्मचारीहरुको लागि क्षमता अभिबृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनुका साथै भु-कम्प प्रतिरोधात्मक भौतिक संरचना निर्माण गर्न निर्माण कार्यमा संलग्न कामदारहरुको सिपअभिबृद्धि गर्न तालिमको व्यवस्था गरिने छ।

२०३.बालकल्याण मा.वि. पुइलेकको नमुना विद्यालय कार्यक्रमलाई निरन्तरता दिइने छ।

२०४.कालामाटी शैलेनी ट्रस पुललाई कार्यसम्पन्न गरिने छ।

२०५.पालिका स्थित सबै प्रहरी चौकीमा थुनुवा घर निर्माण गर्न गृह मन्त्रालय/आन्तरिक मामिला तथा कानुन मन्त्रालय/जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरिने छ।भद्रपुर प्रहरीचौकीको आधुनिक भवन जग्गा व्यवस्थापन गरि सम्पन्न गरिनेछ ।

२०६.गाउँपालिकामा विद्युतीकरण शत प्रतिशत पुर्‍याउनका लागि सम्बन्धित निकायसँग समन्वय गरि आवश्यक पहलकदमी लिइनेछ । नेपाल विद्युत प्राधीकरणसँग समन्वय गरी विद्युत समस्या रहित गाउँपालिका घोषणा गर्ने निती अवलम्वन गरीनेछ ।

२०७.घरभित्रको धुँवामुक्त अभियानलाई प्रभावकारी वैकल्पीक उर्जा प्रर्वद्धनका कार्यक्रम संचालन गरीने छ साथै आवश्यकता अनुसार सार्वजनिक स्थानमा सौर्य वत्ति जडान गर्न पहल गरिनेछ ।संचार सुविधाबाट वंचित स्थानहरुमा टावर थप्ने व्यस्था गरिनेछ ।

२०८.नेपाल टेलिकमसँग समन्वय र सहकार्य गरि संचार सुविधाबाट वञ्चित भूभागमा पुर्‍याउने वातावरण बनाउनका लागि टावर विस्तार तथा क्षमता अभिबृद्धि गर्दै ADSL तथा ल्याण्डलाइन टेलिफोन सेवा विस्तारका लागि आवश्यक पहल लिइनेछ साथै वडा कार्यालय विद्यालय तथा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा जडान कार्यलाई निरन्तरता दिईनेछ ।

२०९.साइवर सुरक्षा सम्बन्धि अनुसन्धान, प्रतिकार्य तथा जनचेतना अभिबृद्धि कार्य प्रभावकारी बनाउन संस्थागत व्यवस्था गरिने छ साथै डिजिटल साक्षरता विस्तार गरि महिला अल्पसंख्यक एवंम पिछडिएको वर्ग क्षेत्र र समुदायको सूचना प्रविधिमा पहुँच विस्तार तथा पेपरलेस गाउँपालिकाको आधार तयार गर्न गाउँपालिकाको वेभसाइट, फेसवुक पेज, मोवाइल एप्लीकेशनलाई थप प्रभावकारी वनाइनेछ साथै सोका लागि संघ, प्रदेश र अन्य पालिकासँग सहकार्य गरिनेछ ।

२१०.गाउँपालिका भित्रका परम्परागत रुपले ब्यबस्थापन हुदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठ जन्य, कृषि जन्य, गैरकाष्ठ (घाँस, अल्लो, अम्रिसो, बाबीयो, लोप्पा, बाँस,निगालो, सालका पात, मालु, तिमिला, चिउरोको पात)

कच्चा पदार्थ उत्पादन गर्ने क्लस्टरको रुपमा विकास गरी बन क्षेत्र विस्तार र प्रयोग गर्ने नितिलाई निरन्तरता दिइनेछ । बनजंगलको संरक्षणका लागि एकिकृत रुपमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ, LEOC को निरन्तरता दिईनेछ ।

२११.प्रकोप व्यवस्थापन कोषलाइ थप सुदृढ वनाइनेछ ।

२१२.खोटो तथा बनजन्य वस्तु संकलनलाई व्यवस्थित गरि सो वाफत तिर्नुपर्ने रोयल्टि रकम संकलनलाई प्रभावकारी वनाउन प्रदेश सरकासँग समन्वय गरिनेछ ।

२१३.गाउँपालिका भित्रका बजारहरुमा फोहोर मैला व्यवस्थापन गर्न डस्टविन वितरण तथा महिनामा एक दिन वडा तथा पालिका केन्द्रमा जनप्रतिनिधी सहित सरसफाई कार्यक्रम सञ्चालन गरि फोहोर मैला व्यवस्थापनलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

२१४."एक गृह, दुई वृक्ष" को नीति अनिवार्य गरिनेछ ।

२१५.गाउँपालिका भित्र पाईने जडिबुटिहरुको अभिलेखन तथा संरक्षण गरि सम्भाव्य जडीबुटीको ब्यवशायिक उत्पादनका लागी सम्भाव्यता अध्ययन गरिनेछ ।

२१६.वन्यजन्तुबाट कृषिबालिमा हुने क्षतीलाइ न्यूनिकरण गर्न कृषि विमा तथा अन्य उपाय अवलम्वन गरीनेछ ।

२१७.निजि प्रयोगका लागि पालिका भित्र प्रयोग गर्ने गरि निजि जमिनमा रहेका बनपैदावारको ओसारपसारलाई नियमन गरिनेछ ।

२१८.सामुदायिक वनले आफ्नो बार्षिक आम्दानीको १० प्रतिसत पालिकालाई बुझाउनु पर्ने कानुनि व्यवस्थालाई अनिवार्य कार्यान्वयन गर्ने निति लिईनेछ ।

२१९.प्रत्येक विद्यालयको हाताभित्र वार्षिक "एक शिक्षक एक विरुवा" र "एक कक्षा एक विरुवा" कार्यक्रम मार्फत वृक्षारोपण कार्यक्रम गरीनेछ ।

२२०.मनसुन तथा अन्य समयमा हुन सक्ने बाढी पहिरो तथा अन्य विपद्हरु रोकथाम गर्नको लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन तथा स्थानीय प्रहरी युनिट तथा सरोकारबालाहरुसँग प्रभावकारी समन्वय गरी विपद प्रतिकार्य योजना निर्माण तथा कार्यान्वयन गरिनेछ ।

२२१.प्रत्येक जनप्रतिनिधिले सार्वजनिक स्थलमा कम्तीमा २ विरुवा रोपण कार्यक्रम तथा नया सन्तान जन्माउने दम्पतिले एक जोडि विरुवा लगाउनै पर्ने निति ल्याइनेछ ।

२२२.पानि मुहान संरक्षणका लागि उपयुक्त स्थानहरुमा रिचार्ज पोखरी निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

२२३.**"हराभरा बन अजयमेरुको धन"**अवधारणा विकास गरिनेछ।

२२४.जडिवुटिको संरक्षण, बहुमुल्य बृक्षहरु बोधिचित्त, श्रीखण्ड, रुद्राक्ष लगायतका विरुवा रोपण प्रवर्द्धन, अध्ययन, अनुसन्धान, प्रविधिको विस्तार, हर्वल गार्डेन प्रोत्साहन नयाँ उद्योग स्थापना, व्यवसायीकरण एवं वजारिकरण गर्दै जडीवुटी र बहुमूल्य बृक्षहरुको माध्यमबाट आय आर्जनमा वृद्धि गरिने नीति अवलम्बन गरिनेछ ।

२२५.पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा ईष्टिमेट गर्ने व्यवस्था मिलाईनेछ ।

२२६.जलवायु अनुकूलन कार्यक्रमलाई प्रोत्साहन गर्दै गाउँपालिका अन्तरगत रहेका विपद् व्यवस्थापनका लागि रेडक्रस तथा अन्य संघसंस्था, समूह, र युबाक्लवहरुको क्षमता अभिवृद्धि गर्न गैरसरकारी संस्थाहरुसँग ल्याइनेछ ।

२२७.गाउँपालिकाका विभिन्न गाड, खहरे खोला क्षेत्रमा रहेका खेति योग्य जमिनका साथै वस्ती, धार्मिक पर्यटकिय क्षेत्रहरुमा जल उत्पन्न प्रकोप नियन्त्रण का लागि प्रदेश सरकार, संघिय सरकार र गैर सरकारी संस्थाहरु को सहकार्यमा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु संचालन गरिनेछ।

२२८.बनजंगल डढेलो लगाउने व्यक्तिको बारेमा प्रमाण सहित यथार्थ सुचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था मिलाइ कानुन विपरीतका गतिविधिहरुलाई दण्डनीय बनाईनेछ डढेलो लाग्न सक्ने सल्ला लगायतका बनक्षेत्रमा डढेलो नियन्त्रण गर्ने कार्यलाई समुदायसँगको साझेदारीमा प्रभावकारी बनाईनेछ।

२२९.पहिरो रोकथामका लागि तारजाली स्थानिय रुपमै उत्पादन गर्न सकिने गरि सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।

२३०.गाउँपालिका भित्रका सिमसार क्षेत्रको पहिचान संरक्षण तथा सिमार क्षेत्रको नक्साङ्कन गरी जैबिक विविधता संरक्षण कार्यक्रम सञ्चालन तथा स्थानिय बस्ति तथा खेतीयोग्य जमिनमा विकराल रुपमा फैलिरहेको बनमारा (झाडी) नियन्त्रण गर्न विशेष कार्यक्रम ल्याईनेछ ।

२३१.जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक,स्वास्थ्यकर्मि,उपभोक्ता समिती,टोल विकास संस्था तथा कृषक समुहको क्षमता अभिबृद्धिका थप कार्यक्रम लागू गरिनेछ ।

२३२.गाउँपालिका र सवै वार्डहरुमा डिजिटल तथा क्षतिपूर्ती सहितको नागरिक वडापत्र सञ्चालनमा ल्याइनेछ साथै QR कोड सहितको गुनासो सुनुवाई संयन्त्रको बिकास गरिनेछ ।

२३३.सेवा प्रवाहमा हुने ढिलासुस्तीलाई न्यूनिकरण गर्न आर्थिक वर्ष २०८२।८३ को पहिलो हप्ता भित्र गाउँपालिका कार्यालय लगायत मातहतका सम्पुर्ण स्वास्थ्य संस्था र विद्यालयहरुमा एकिकृत विद्युतीय हाजिरी प्रणाली जडान गरी सेवा प्रबाहलाई प्रभाबकारी बनाई विद्युतिय हाजिरिका आधारमा तलव भत्ता भुक्तानीहुने व्यबस्था मिलाइनेछ।

२३४.स्थानीय कर प्रणालिलाइ कम्प्युटराइज्ड गर्नुका साथै करको दर भन्दा दायरालाई बढाउन जोड दिइनेछ । गाउँपालिका भित्र चल्ने अटो रिक्साहरुलाइ करको दायरामा ल्याइ नियमन गरिनेछ ।

२३५.पारदर्शिता, जवाफदेहिता र सुशासनको लागि सूचनाको हक, सार्वजनिक सुनुवाई, तेस्रो पक्ष मूल्यांकन, सार्वजनिक लेखापरिक्षण, प्रत्यक्ष भेटघाट, सूचना अधिकारी, गुनासो अधिकारी, गुनासो तथा सुझाव पेटिका, स्वत:प्रकासन जस्ता विधिहरुलाई निरन्तरता दिईनेछ ।

२३६.“दैलोमा सरकार”को नारा अन्तर्गत महिनाको एकचोटी गाउँपालिकाका सम्पूर्ण सेवाहरु सँगै लगी फरक फरक ठाउँमा घुम्ती शिविर तथा राजश्व संकलनका लागि घुम्ति शिविर समेत आयोजना गरिनेछ।

२३७.गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदअनुकुलको व्यवहार विकास गर्न गाउँपालिकाका कर्मचारीहरुको क्षमता विकास तथा असल अभ्यासहरुको आदानका लागि अबलोकन भ्रमणको आयोजना गरिनेछ।

२३८.गाउँपालिकाको सेवा प्रबाह र आन्तरिक आय बढाउनमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई आवश्यक मापदण्ड तयार गरी उत्कृष्ट कर्मचारी घोषणा गरिनेछ ।

२३९.अनावश्यक खर्च कटौती अन्तर्गत गाउँपालिका भित्रका सम्पूर्ण कार्यक्रममा पिपलको पातका ब्याच, स्थानिय धाराको पानी, फूलको माला मात्र प्रयोग गर्ने नीति लिई खादा, प्लाटिक/सिसा बोतलको पानी तथा पेय पदार्थलाई निरुत्साहित बनाउने निति अनिवार्य गरिनेछ ।

२४०.खादा तथा अनावश्यक पहिरन लगाउने कार्यलाई निरुत्साहित गर्ने निति अवलम्बन गरिनेछ ।

२४१. **“हाम्रो प्रतिवद्धता नागरिकले पाउने मुस्कान सहितको सेवा”** लाई ध्यान दिई गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाह गर्दा अनिवार्य रुपमा जनप्रतिनिधि तथा कर्मचारीहरु सबैले मुस्कान सहितको सेवा प्रवाह गर्नुपर्ने नीतिलाई अनिवार्य गरिनेछ।

२४२.गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरुको नियमन तथा कार्यक्रमहरुको नियमित अनुगमन गरी कार्यक्षमताको आधारमा प्रोत्साहन तथा साझेदारी गर्ने नीति लिईने छ ।

२४३.गाउँपालिका र वडा तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करारका कर्मचारीको कामको आधारमा मुल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ ।

२४४.आर्थिक क्रियाकलापहरुमा आएको सङ्कुचनसँगै स्थानीय तहको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिँदै तीन वर्षको मध्यमकालिन खर्च संरचनाका आधारमा मितव्ययी बजेट तर्जुमा गरिनेछ ।

२४५.सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवम्वन गरिनेछ ।

२४६.यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको मनोवल उच्च राख्नको लागी ( कर्मचारी कल्याण कोष) लाई सुदृढ वनाइनुका साथै करारमा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित भई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।

२४७.गाउँपालिका क्षेत्र भित्र शान्ती सुरक्षाको स्थितिलाई गम्भीर रुपमा लिँदै नागरिक सुरक्षा र शान्ती कायम गर्न स्थानीय प्रशासनसँग समन्वय गर्ने निति लिइनेछ ।

२४८. यस अजयमेरु गाउँपालिकाबाट उपभोक्ता मार्फत संचालन भई निर्माण संचालन भई सम्पन्न भएका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण कार्यलाई निरन्तरता दिईनेछ ।

२४९.नागरिकको सूचनाको हकलाई सम्मान गर्न साथै छिटो सेवा प्रवाह सुनिश्चित गर्न अभिलेख व्यवस्थापनलाई विशेष जोड दिई सहभागितमूलक योजना तथा विकासको अबधारणा अवलम्बन गर्दै गाउँपालिकाको विकासमा विकासका साझेदारहरुलाई स्वागतयोग्य नीति अवलम्बन गरिनेछ ।

२५०.निर्धारित समयभित्र काम सम्पन्न नगर्ने उपभोक्ता समिति वा निर्माण कम्पनी वा अन्य संस्थालाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

२५१.गाउँपालिकाको समग्र विकासका लागि सहायता जुटाउन संघीय र प्रदेश सरकार, दातृ निकाय, कुटनीतिक नियोग, समाजसेवी, साझेदार संस्था सबैसँग निरन्तर सहकार्य गरिनेछ साथै अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित, व्यवहारिक, वास्तविक, नतिजामुखी र मापनयोग्य बनाईनेछ ।

२५२.गाउँपालिकाको कार्यालय र मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण, गाउँपालिकाको पार्श्वचित्र, गाउँपालिकाको दोस्रो आवधिक योजना, राजस्व सुधार योजना लगायत अन्य अवधी समाप्त भएका योजनाहरुलाई निर्माण तथा अद्यावधिक गरीनेछ।

२५३.मौजुदा नीति नियम तथा सेवा प्रवाहको प्रक्रियाका सन्दर्भमा जनप्रतिनिधि तथा कर्मचारी बिच अन्तक्रियात्मक अभिमूखिकरण कार्यक्रम संचालन गरिरनेछ ।

२५४.गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा गैरव्यवसायिक कौशलता अभिबृद्धि गर्नका लागि बजेट विनियोजन गरिनेछ।

२५५.समान कामका लागि समान ज्यालाको मान्यता अनुरुप कार्यजिम्मेबारी र कार्यअनुभवका आधारमा करारका कर्मचारीको सेवा सुविधा कायम गरिनेछ ।

२५६.राजश्व संकलनमा वृद्धि गर्न राजश्व सुधार कार्ययोजना बनाई प्रभावकारी बनाईनेछ ।

२५७.सेवाग्राही सन्तुष्टी सर्वेक्षण फारमको नतिजाको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्यांकन गरिनेछ । प्रत्येक वडामा अर्धवार्षिक सार्वजनिक सुनुवाई र समिक्षा कार्यक्रम अनिवार्य गरिने छ ।

२५८.गाउँपालिकाको आयोजना बैङ्क , मध्यकालीन खर्च संरचनाका आधारमा मात्र बजेट निर्माण तथा योजना छनोट गर्नुपर्ने व्यवस्थालाई बाध्यकारी बनाईनेछ।

२५९.गाउँपालिकाभित्रको बाँझो रहेको निजी तथा सार्वजनिक जग्गाको सदुपयोग गर्ने निती अवलम्बन गर्दै भुमि वैङ्कको स्थापना, बढ्दो भूमी अतिक्रमण नियन्त्रण गर्ने निती तथा गुठी जग्गा ब्यवस्थापनका लागी आबश्यक पहल गर्दै डिजिटल जग्गा नापजाँच गर्न आवश्यक पहल गरिनेछ साथै दर्ता जग्गा लामो समयसम्म वाझो राख्ने जग्गा धनिलाइ जरिवाना तथा ठुलो क्षेत्रफलमा ब्यवसायिक कृषी गर्ने कृषकलाइ करमा सहुलियत दिइने निती अवलम्वन गरिने छ ।

२६०. भूमि आयोगसँगको समन्वयमा भूमिहीन, दलित, र अव्यवस्थित बसोबासलाई जग्गा धनि पुर्जा वितरण कार्य सम्पन्न गरिनेछ ।

२६१.गाउँपालिका भित्र संचालनमा रहेका र कार्यक्रम/परियोजना संचालन गर्न चाहाने गैर सरकारी संस्थाहरुलाई गाउँ सभाबाट कार्यक्रम/परियोजना स्वीकृत गराएर एकिकृत रुपमामात्रै कार्यक्रम सञ्चालन गर्नु पर्ने वाध्यकारि नीति लिईनेछ।

२६२.आ.व २०८१/०८२ सम्म कायम बेरुजुलाई रुजु गर्ने र आगामी आ.व मा पनि बेरुजु शुन्य नीति अवलम्बन गर्दै बेरुजु फस्यौंट वर्षका रुपमा लिई लेखा समितिलाई सकृय बनाई बेरुजु फस्यौंट लागी आवश्यक पहल गरिनेछ।

२६३.उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत शाखा, वडा कार्यालय, शिक्षक, उपभोक्ता समिति, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मि, विद्यार्थी र विद्यालय, किसान, खेलाडी लाई पुरस्कृत गरि प्रोत्साहन गर्ने निती अवलम्वन गरिने छ ।

२६४.योजनालाइ अनुदानमा आधारित नभै अभियानमा आधारीत वनाउदै सहभागीतामुलक विकासको मोडललाई अनुसरण गरि सबै वडामा रहेका टोल विकास संस्थाहरुलाई क्रियाशिल वनाइनेछ ।

२६५.हालसम्म योजना तथा अनुदान प्राप्त लाभग्राहिको तथ्यांक एकिकृत गर्ने प्रणाली विकास गरि प्रभावकारी अनुगमन गरिने छ ।

२६६.नेपालको संविधानले परिकल्पना गरेको स्थानीय न्यायीक समिती लाई प्रभावकारी बनाउन थप क्षमता विकास र संस्थागत विकास गर्न पहल गरिनेछ साथै स्थानीय न्यायीक समितीका न्यायीक क्रियाकलापलाई व्यवस्थीत तथा प्रभावकारी बनाउनका लागि छुट्टै न्यायीक कक्ष तथा कानुनी सल्लाहकारको व्यवस्था गरीनेछ ।

२६७.न्यायिक समितिको कार्य सम्पादनलाई प्रविधिमैत्री बनाउदै सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरिनेछ ।

२६८.सम्पूर्ण पालिका वासीलाई छिटो छरितो पहुँचयोग्य र प्रभावकारी न्याय सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

२६९.सामुदायीक मेलमीलाप कार्यकर्ता लाई आधारभुत र पूनरर्ताजकी तालीम संचालन गरी मेलमिलापको नीति अवलम्वन गरिनेछ मेलमिलाप केन्द्रहरु मार्फत मेलमिलापकर्ताहरुको सहजीकरणमा स्थानीय विवादहरुको न्यायोचित समाधान गरिनेछ ।

२७०.मेलमिलाप केन्द्रलाई थप ब्यबस्थापन गरि सुदृढ बनाइ प्रत्येक माध्यमिक र आधारभुत विद्यालयहरुमा कानुन सम्वन्धी सचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

२७१.स्थानीय स्तरमा रहेका अन्तर व्यक्ति विवाद समाधानको लागि मेलमिलाप प्रक्रिया, बहुसरोकारबाला विवाद रुपान्तरणका लागि माकुरा विधि र सार्वजनिक चासोका सवालहरु समाधानका लागि संवाद विधिको अवलम्बन गरिनेछ।

२७२.मेलमिलाप तथा बहु सरोकारबाला द्वन्द्व रुपान्तरणका क्षेत्रमा कार्यरत व्यक्ति, संघ संस्थाहरूलाई समेत सहभागिता गराईने नीति अबलम्बन गरी गाउँ तथा वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना गरिनेछ।

२७३.मेलमिलाप तथा बहुसरोकारबाला द्वन्द्व रुपान्तरणका लागि दक्ष जनशक्तिको उत्पादन तथा परिचालनका साथै न्यायिक समितिको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२७४.न्यायीक समितिका पदाधिकारी र वडा अन्तर्गतका मेलमिलापकर्ताहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन अन्तरसमिति भ्रमण र क्षमता विकास कार्यलाई निरन्तरता दिईनेछ ।

२७५.न्यायिक समिति लगायत अन्य कानुनहरु समयसापेक्ष संसोधन वा प्रतिस्थापन गरिनेछ ।

२७६.गाउँकार्यपालिका र गाउँसभा अन्तरगतका समितिलाई जिम्मेवार बनाउदै थप प्रभावकारी बनाईनेछ ।

**अन्त्यमा,**

यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा बिस्तार हुने, नागरिकको नजिकबाट सेवा प्रवाह भई सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरुशिक्षा),स्वास्थ्य,कृषि,भौतिक पुर्वाधार, सरसफाई खानेपानीउल्लेखनीय प्रगती हुने (, रोजगारीका अवसरहरु सिर्जना हुने, राज्यले लिएका निति र दिगो विकासका लक्ष्य, विभिन्न रणनितीक लक्ष्य तथा नेपाल सरकारको सोह्रौं पन्च वर्षिय योजना, सुदुरपश्चिम प्रदेश सरकारको को प्रथम पञ्च बर्षिय योजना र गाउँपालिकाको प्रथम पञ्चबर्षीय योजनाको लक्ष्य प्राप्तीमा महत्वपूर्ण भुमिका निवार्ह गर्ने अपेक्षा गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्दै निती तथा कार्यक्रमको सफल र परिणाममुखि कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेको छु ।

**धन्यबाद**

**अध्यक्ष**

**उमेश प्रसाद भट्ट (विकास)**

**अजयमेरु गाउँपालिका**

# अजयमेरु गाउँपालिका उपाध्यक्ष श्री बसन्ती पाल ज्यूले अजयमेरु गाउँसभा समक्ष पेस गर्नु भएको आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम

**गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्य ज्युहरू,**

१.अजमयेरु गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनको तेस्रो बैठकमा उपाध्यक्षको हैसियतले आर्थिक बर्ष २०८२/०८३ को अजमयेरु गाउँपालिका बजेट तथा कार्यक्रम बक्तव्य प्रस्तुत गर्न पाउँदा गौरमाम्भित अनुभुति गरेकी छु।

२.सामाजिक न्याय, लोकतान्त्रिक मूल्य, नागरिक अधिकारको रक्षा र प्राप्तिका लागि विभिन्न काल खण्डहरूमा भएका जनआन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान वीर शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। ती आन्दोलनको क्रममा नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने आदरणीय नेताहरू, आ-आफ्नो ठाउँबाट योगदान गर्नु हुने दिदी बहिनी तथा दाजुभाई प्रति सम्मान व्यक्त गर्दछु। घाइते योद्धा, बेपत्ता नागरिकहरू प्रति उच्च सम्मान र शीघ्र स्वास्थ लाभको कामना गर्दछु ।

३. समृद्व अजयमेरु निर्माणको लागि सुशासनको मार्गमा अगाडी बढ्न संविधानको निर्दिष्ट अर्थ व्यवस्थाको आधार निर्माण गर्नु जरुरी छ।

४. गाउँपालिकाबाट विगतमा सुरु गरिएका सुधारात्मक कार्यका उपलब्धीहरुलाई संस्थागत गर्दै गाउँपालिकाको आवश्यकतालाई दृष्टिगत गरी आर्थिक क्रियाकलापहरुलाई गतिशिल बनाउन आवश्यक ठानेकी छुँ। संविधानले परिकल्पना गरे अनुसार समृद्ध गाउँपालिका निर्माणका लागि आर्थिक तथा सामाजिक विकासका सबै क्षेत्रका सुधार आवश्यक देखिएको छ।

५. वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान-२०७२ स्थानिय सरकार संचालन ऐन-२०७४, चालु आवधिक योजनाहरु स्थानीय सरकारका विगत आठ वर्षका अनुभव, आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम, गाउँपालिका अध्यक्ष, तथा गाउँ सभाका सदस्यहरुबाट प्राप्त सुझाव तथा प्रचलित ऐनकानुनहरुलाई प्रमुख आधार बनाएकी छु। सभाका विषयगत समिति संघीय र प्रदेश सरकार, राजनीतिक दल, गैरसरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र, सञ्चार क्षेत्र लगायत आम गाउँपालिकाबासीबाट प्राप्त सल्लाह सुझावलाई समेत प्राथमिकतामा राखेकी छुँ।

**अध्यक्ष महोदय,**
अब म स्थानीय सरकार गठनका आठ वर्षका केही मुख्य मुख्य उपलब्धीहरु संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

- प्रत्येक आधा घण्टाको दुरी आधारभूत स्वास्थ्य सेवा प्रबाह हुने गरी स्वास्थ्य संस्थाहरु स्थापना भएका छन्।
- कृषि क्षेत्रमा भएको लगानीबाट गाउँपालिकाको कृषिजन्य उत्पादनहरु तरकारी, पशुजन्य उत्पादनहरुको बजारीकरण भएको छ।
- पालिकाका ९५ प्रतिसत भन्दा बढी जनसङख्यामा विद्युत सेवाको पहुच पुगेको छ।

- पालिकाका सबै वडाका केन्द्र र मुख्य बस्तीहरुमा बाह्रै महिना चल्ने सडक विस्तार भएको छ।
- पालिकाको केन्द्र लगायत तीन वडामा बैंकिङ सेवा बिस्तार भएको छ।
- संघ र प्रदेश सरकारसंगको समन्वयमा विद्यालयहरुमा घेरबार तथा भवन निर्माण लगायतका पूर्वाधार निर्माण कार्य सम्पन्न गरिएको छ ।
- विद्यार्थी संख्या कम भएका विद्यालयहरूको तह मिलान गरिएको छ ।
- सबै पालिकाबासीको आधारभूत स्वास्थ्यमा पहुँच बढाउने गरी प्रत्येक आधा घण्टाको दुरी आधारभूत स्वास्थ्य सेवा प्रबाह हुने गरी स्वास्थ्य संस्थाहरु स्थापना भएका छन्। साथै प्रत्येक वर्ष दीर्घरोगीहरुको स्कृनिङ गर्न स्वास्थ्य सिबिर सञ्चालन तथा निःशुल्क औषधि वितरण गरिंदै आएको छ।
- व्यवसायीक आलु तथा तरकारी खेती, साना सिंचाई कार्यक्रम मार्फत तरकारी पकेट क्षेत्रको निर्माण गरी कृषिजन्य उत्पादनहरुको बजारीकरणमा सहजीकरण गर्न कृषि एम्बुलेन्स सेवा संचालनमा आएको छ ।
- कुखुरापालक कृषकलाई जैविक सुरक्षा सामग्रिहरु वितरण, पशुसेवा घुम्ती शिवीर सञ्चालन, भैसी गोठ निर्माण गरिएको छ ।
- एक गाउँ एक सार्वजनिक ठाउँ नारा अन्तर्गत गाउँपालिकाका ६ वटै वडामा विश्रामस्थलको रुपमा पार्क निर्माण पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण साथै महत्वपूर्ण सार्वजनिक स्थलहरुमा सौर्य बत्ति जडान गरिएको छ ।
- उद्यमशीलता बिकास तालिम सञ्चालन गरी महिलाहरुलाई उद्यमसँग आवद्ध गर्ने कार्यलाई विभिन्न गैरसरकारी संस्थाहरुसँग समन्वय गरी निरन्तरता दिइएको छ।
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको घरदैलोमा पुग्ने गरी वितरणमा सहजीकरण गरिएको छ।
- उत्कृष्ट कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्ता समूहलाई सम्मान कार्यक्रम निरन्तर रुपमा गरिदै आएको छ।
- अजयमेरु गाउँपालिकाको प्रमुख सम्भावनाको रुपमा रहेको अजयमेरुकोटको उत्खनन् तथा पुनः निर्माणको कार्य सुरु भएको छ।
- स्थानीय सरकारले निर्माण गरी लागु गर्नुपर्ने मध्येका १२६ ओटा ऐन, नियम, कार्यविधि निर्देशिकाहरु पारित गरी लागु गरिएको छ ।
- अनार, केरा लगायत व्यवसायिक फलफुलको उत्पादनमा बढोत्तरीका लागि पकेट क्षेत्र विस्तारका लागि कार्य भएको छ।

**अध्यक्ष महोदय,**

आगामी कार्य दिशा स्पष्ट हुने गरी आर्थिक वर्ष २०८१/८२ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमती चाहान्छु।

बजेटका उद्देश्य देहाय बमोजिम रहेका छन।

१. कृषि क्षेत्रको उत्पादन,उत्पादकत्व बृद्धि गर्नु।

२. उपलब्ध स्रोत साधन र अवसरको न्यायोचित वितरण मार्फत स्वाधिन र समाजवाद उन्मुख ग्रामिण अर्थतन्त्रको निर्माण आर्थिक क्रियाकलापमा तिव्रता ल्याउनु।

३. महिला, दलित, र गरिवीको रेखामुनी रहेका गाउँपालिका नागरिकलाइ सामाजिक र आर्थिक समानता कायम गर्नु ।

४. शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी अभिबृद्धि गरि मानव संसाधन विकाश गर्नु।

५. गाउँपालिकाको सेवा प्रवाहलाइ प्रभावकारी बनाउनु।

बजेटका प्राथमिकताहरु देहाय बमोजिम रहेका छन।

१. आर्थिक उन्नयनका लागी उद्यमशिलता प्रवर्दन।

२. कृषि, सुचना प्रविधि, पर्यटन तथा सास्कृतिक पुर्वाधार निर्माण।
३. शिक्षा स्वास्थ्य लगायत समाजिक क्षेत्रको विकास।
४. समावेशीकरण र पर्यावरण संरक्षण।
५. सुशासन प्रवर्धन तथा सेवा प्रवाहमा सुधार।

**अध्यक्ष महोदय, तथा**
**गाउसभा सदस्यज्यू हरु**
अव म उल्लेखित उद्देश्य र प्राथमिकताका आधारमा आर्थिक वर्ष २०८२/८३ को क्षेत्रगत कार्यक्रम र विनियोजन यहाँहरु समक्ष पेश गने अनुमती चाहान्छु ।

**१) आर्थिक क्षेत्र**

**क) कृषी तथा पशु**

१.कृषी प्रणालीमा आधुनिकीकरण, भुगोल सापेक्ष, वातावरण तथा जलवायु अनुकुलित बनाउँदै आर्थिक वृद्धिको दिगो आधार तयार गर्ने नीतिलाई सफल पार्न कृषीको व्यावसायीकरण, बैज्ञानिकरण, विविधिकरण विना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधारका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।
२.ब्यावसायीक भैंसी पालन गर्ने कृषकलाई पशु सुत्केरी भत्ता २ हजार ५ सय प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएकी छु ।
३.कृषक तालिम, प्रदर्शनी, उन्नत र परम्परागत विउ वितरण, भकारो सुधार, तरकारी नर्सरी, स्थानीय कुखुरा, च्याउँ उत्पादन, फलफुल कलमी मार्फत उन्नत विरुवा उत्पादन, घाँस खेती प्रवर्धन, सहकारी र समुह मार्फत कुखुरा पालन ब्यवसाय, निजी कृषी तथा पशुपालन फर्म विकास, कृषक उद्यमशिलता कार्यक्रम सञ्चलन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
४. गाउँपालिकाको प्रमुख संभावनाको रुपमा रहेको भटमास, मकैको उत्पादनलाई बढाउन विउमा अनुदान लगायत अन्य आवश्यक कार्यक्रम प्रवर्धनात्मक कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
५.गाउँपालिका भित्रको कृषियोग्य बाझो जग्गा सदुपयोगका लागि कृषि विकास कार्यक्रम अन्तरगत संघीय सरकारबाट ससर्त अनुदानमा प्राप्त रु ९ लाख ७५ हजार विनियोजन गरिकी छु।
६. पुष्पखेती प्रवर्धन, मौरी गोला सहयोग कार्यक्रमका लागि रु एक लाख ५० हजार विनियोजन गरेकी छु।
७. पशु पन्छीमा लाग्न सक्ने सम्भावित महामारीजन्य रोगहरुको नमुना संकलन गरि अन्वेषण गर्न नमुना संकलन कार्यक्रम संचालन गर्न आवस्यक रकम विनियोजन गरेकी छु।
८. अजयमेरु गाउँपालिकाको सम्भावित क्षेत्रमा पकेट क्षेत्र विस्तारका लागि रु ६ लाख विनियोजन गरेकी छु।
९. कृषि तथा पशुजन्य उत्पादनमा बढोत्तरी गर्ने किसानलाइ प्रोत्साहन स्वरुप पुरस्कार तथा सम्मानको व्यवस्था गरेकी छु।
१०. गाई भैसी प्रवर्धन कार्यक्रमका लागि रु पाँच लाख र बाख्रा प्रवर्धन कार्यक्रमका लागि रु पाँच लाख विनियोजन गरेकी छु।
११. कृषिजन्य जमिनमा सिचाइको पहुँच पुगाउने कार्यक्रम अन्तर्गत साना सिंचाइ कार्यक्रम तथा पानीका मुहान संरक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।
१२. कृषक तथा प्राविधिकहरूको क्षमता विकास गर्न कृषक तथा प्राविधिक अवलोकन भ्रमणका लागि रु तीन लाख विनियोजन गरेकी छु ।
१३. हिउँदे वर्षे फलफूल विरुवा वितरण र खाद्यान्न र दलहन विउ वितरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

ख) पर्यटन तथा संस्कृतीः

१.यस गा.पा.भित्र रहेका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकिय क्षेत्रको पहिचान गरि पर्यटन पुर्वाधारको निर्माण गर्दै आन्तरिक तथा बाह्य पर्यटनलाई भित्र्याउने नीति  अनुरुप अजयमेरु कोटको पुनर्निर्माणका लागि संघीय सरकारसँग समन्वय गरी आवश्यक वजेट  विनियोजन गरेकी छु ।

२.ऐतिहासिक महत्वको धार्मिक तथा पर्यटकीय स्थल अन्तर्गत सबै वडामा पार्कहरू व्यवस्थित गर्न रु नौ लाख विनियोजन गरेकी छु ।

३. स्थानीय चाडपर्व, मेला, दिवस संरक्षण तथा सम्बर्धनका लागि प्रचारात्मक तथा प्रवर्धनात्मक कार्यक्रम गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

४. पालिकामा रहेका परम्परागत सँस्कृतिहरूको संरक्षणका लागि सँस्कृति प्रवर्धन कार्यक्रम अन्तर्गत एकमुष्ट रु तीन लाख विनियोजन गरेकी छु ।

५. प्रदेश सरकारको ससर्त अनुदानबाट दुर्गाभिगबती गुन्पाल भौतिक पूर्वाधार निर्माण, लटेश्वर मन्दिर हाट भौतिक पूर्वाधार निर्माण योजना, सिद्धनाथ मन्दिर धारी, हंशराज मन्दिर निर्माण भूमिराज मन्दिर निर्माण मटेलामा पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरेको छु।

ग) सहकारी

१. गाउँपालिका भित्रका सबै सहकारीलाइ मर्ज गर्न प्रोत्साहित गरी सहकारीको स्तरीकरण र सवलीकरण गर्न सहकारी गठन, पुर्नगठन, विस्तार गरि कृषिलाई सहकारीसँग जोड्न तथा संस्थागत क्षमता अभिबृद्धिका व्यवस्थापन तथा लेखापालन तालीम सञ्चालन गर्न आवश्यक १ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।

२. सहकारी साक्षरता प्रवर्धन गरी पालिकामा रहेका साना उद्यमीहरूलाई सहकारीसँग आवद्ध गर्न गैर सरकारी संस्थाहरूलाई परिचालन गर्ने व्यवस्था मिलाएकी छु ।

२. सामाजिक क्षेत्र

क) शिक्षाः

१. MBBS अध्ययन छात्रवृत्ती कार्यक्रम अन्तर्गत रु ३ लाख विनियोजन गरेकी छु ।

२.शिक्षामा सवैको पहुँच पुऱ्याउदै प्राविधिक र व्यवसायिक बनाउने नीति तथा कार्यक्रमलाइ यस वर्ष पनि निरन्तरता दिन आवश्यक रकम विनियोजन गरेकी छु ।

३.भौतिक रुपमा अति आवश्यक देखिएका विद्यालयको पहिचान गरि पुर्वाधार विकास कार्यक्रम संचालन तथा मर्मत संभारको लागि आवश्यक रकम रु तीन लाख विनियोजन गरेकी छु ।

४.शिक्षक, अभिभावक तथा विद्यार्थी विच निरन्तर अन्तरक्रिया तथा प्र.अ. वैठक संचालन गर्न गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

५. शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक तथा विषयगत सम्मेलन आयोजना गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

६. शैक्षिक गुणस्तर अभिवृद्धि तथा शिक्षक तथा विद्यालय कर्मचारी, वालविकास सहयोगी कार्यकर्ताको मनोवल उच्च राख्न तालिमको ब्यवस्था गरेकी छु ।

७. शिक्षक अभावको समस्यालाइ न्युनिकरण गर्नै कार्यक्रम निरन्तरता दिन तथा थप शिक्षक भर्ना गर्न तथा स्वयमसेवक शिक्षक कार्यक्रम लागु गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

८.कक्षा आठ पाचँ र विद्यालय तहका परिक्षालाई थप प्रभावकारी वनाउन तथा सम्पुर्ण कक्षाका सम्पुर्ण परिक्षा गाउपालिका स्तरमा संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

९. बालक्लब, जुनियर रेडक्रस तथा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गर्न आवस्यक बजेट विनियोजन गरेकी छु ।

१०. विद्यालयका बालबालिकाको शैक्षिक भ्रमण तथा व्यवस्थापनमा सहजीकरण गर्न आवस्यक प्रवन्ध गरेकी छु ।
११. आधारभूत तह कक्षा १-८ को लागि स्थानीय पाठ्यपुस्तक छपाई गरि निशुल्क वितरणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
१२. चेतना मा वि  शैक्षिक पूवाधार विकासका लागि प्रदेश समपूरक योजनाबाट रु १ करोड ८० लाख रकम विनियोजन गरेकी छु।
१३. विद्यालयमा कार्यरत शिक्षकहरूलाई सूचना प्रविधिसँग आवद्ध गराउन तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
१४.  विद्यालय नर्स कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकी छु ।
१५. बालकल्याण नमुना माध्यमिक विद्यालयको पूर्वाधार विकारका लागि संघीय ससर्त क्रमागत कार्यक्रम अन्तर्गत रु एक करोड विनियोजन गरेको छु।

**ख) स्वास्थ्य**

१. मोवाइल भिडियो एक्सरे सेवा, सामुदायीक स्वास्थ्यलाइ प्रभावकारी वनाउन समुदायमा नियमित स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम, डाक्टर सहितको स्वास्थ्य शिविर बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाउन तथा स्वास्थ्य सेवाका नियमित कार्यक्रम सचालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।
२.स्वास्थ्य चौकीहरुमा प्राविधिक जनशक्ति सहित संचालीत ल्यावलाइ थप प्रभावकारी वनाउन आवश्यम रकम विनियोजन गरेकी छु ।
३. आधारभुत स्वास्थ्य सेवामा सबैको पहुच पुऱ्याउन औषधि खरिदका लागि आवश्यक बजेट विनियोजन गरेकि छु ।
४.सामुदायीक स्वास्थ्य ईकाईहरु सञ्चालन गर्नका लागी आवश्यक बजेट विनियोजन गरेकी छु ।
५.अजयमेरु गाउँपालिकाका सबै वडाहरुमा एकीकृत स्वास्थ्य शिविर संचालन गर्नका लागि आवश्यक बजेट रकम विनियोजन गरेकी छु ।
६.गाउँघरमा डाक्टर कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।
७.अध्यक्षको चाहना स्वस्थ र निरोगी जनता कार्यक्रम को लागि आवश्यक रकम विनियोजन गरेकी छु।
८.अजयमेरु गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको बर्षको २ पटक ब्लड प्रेसर, सुगर, पिसाव, पिसावामा प्रोटिनको मात्राको निशुल्क जांच गर्न आवस्यक रकम विनियोजन गरेकी छु ।
९.गर्भवती जांच प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएकी छु ।
१०.स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्डलाइ प्रभावकारी बनाउन आवस्यक बजेटको सुनिश्चितता गरेकी छु ।
११. गाउँपालिकाका स्वास्थ्य संस्थालाई डिजिटल हेल्थसँग आवद्ध गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।
१२.क्षयरोग मुक्त अभियान कार्यक्रमको निरन्तरताका लागि बजेट विनियोजन गरेकी छु ।

**ग) खानेपानी तथा सरसफाई**

१.खानेपानीमा सवैको सहज पहुँच पुऱ्याउँदै स्वच्छ खानेपानी पुऱ्याउने नीति अनुरुप पानी मुहानहरु रिचार्ज गर्न, पुराना नाउला, पौवा, धारा, मगराउ संरक्षण सम्बर्धन गर्न ,बजार व्यवस्थापन समितिहरुलाई सक्रिय बनाउँदै फोहोर व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।
२.खानेपानीको सहज पहुचको लागी डिप वोरिङ प्रविधि तथा लिफ्टको सम्भाव्यता अध्ययन आवश्यक रकम विनियोजन गरेकी छु ।
३.गाउपालिकामा संचालनमा रहेका खानेपानी योजनाहरुको मर्मत सम्भारका लागि वडा कार्यालयहरु मार्फत आवश्यक बजेट विनियोजन गरेकी छु ।
४. सोर्नाया डागेश्वरी लिफ्ट खानेपानी आयोजना यसै आर्थिक वर्षमा सम्पन्न गर्न संघीय समपूरक अनुदान सहित रु ३ करोड ८० लाख रकम बिनियोजन गरेकी छु ।

**घ) खेलकुद तथा मनोरञ्जन**

१.दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दै खेलकुद विकासको नीतिअनुरुप समग्र खेलकुद कार्यक्रमलाइ समन्वय गर्न गाउँपालिका स्तरीय खेलकुद विकास समिति क्रियाशिल वनाउन गाउँपालिकाको आफ्नै योजना वा अन्य साझेदार संस्था मार्फत गाउँपालिका स्तरीय ,विद्यालय स्तरीय अध्यक्ष कप प्रतियोगिता लगायत विभिन्न खेलकुद प्रतियोगीता संचालन गर्न रु १९ लाख विनियोजन गरेकी छु ।

२.माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगिता संचालन गर्नको लागि रु नौ लाख विनियोजन गरिकी छु।

३. आधारभुत विद्यालय स्तरीय रनिंङ शिल्ड प्रतियोगिता संचालन गर्नको लागि रु २ लाख ७० हजार विनियोजन गरेकी छु ।

४. शिक्षक कर्मचारी मैत्रीपुर्ण खेलकुद प्रतियोगिता गर्नको लागि रु ६० हजार विनियोजन गरेकी छु ।

**ङ) लैङ्गिक समानता र समावेशीकरण**

१. एकल महिला सँग उपाध्यक्ष कार्यक्रमका लागी रु २ लाख ५० हजार विनियोजन गरेकी छु ।

२. सार्वजनिक सेवा प्रवाह, विकास निर्माणका सवै क्षेत्रमा लक्षीत वर्गको सम्मानजनक उपस्थिती गराउने नीति अनुरुप महिलाको आयआर्जनमा अभिबृद्धि गर्न उद्यमसिल तथा सिपमुलक कार्यक्रम संचालन गर्न दलित, विपन्न समुदाय तथा अपाङ्गहरुका लागि सीप विकास तथा क्षमता अधिवृद्धि सम्बन्धी कार्यक्रम सन्चालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

३.लैङ्गिक तथा घरेलु हिंसा पिडित महिलाका समस्याहरुलाई विशेष सम्बोधन गर्दै लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरण र पिडित महिलालाई संरक्षण कार्यक्रमका लागी लैंगिक हिँसा निवारण कोषलाई यथाबत गरेकी छु ।

४."ज्येष्ठ नागरिक संग जयराज कार्यक्रम" अन्तरगत ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम लाइ रु ३ लाख विनियोजन गरेकी छु ।

५.सेफ हाउस संचालन तथा व्यवस्थापनको लागी रु १ लाख र सडक मानव व्यवस्थापनका लागि रु २ लाख रकम विनियोजन गरेकी छु ।

६.महिला शशक्तिकरण द्वारीका देवी ठकुरानी कार्यक्रम अन्तर्गत पछाडी परेका पारिएका विपन्न महिलाको शशक्तिकरणका लागी रु ३ लाख विनियोजन गरेकी छु ।

७.बाल क्लब, स्काउट परिचालन तथा बाल प्रतियोगिताका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

८. शहिद घाइते जेलबन्दि द्वन्द्व पीडितको सम्मानका लागि रु २ लाख विनियोजन गरेकी छु ।

९. अजयमेरु गाउँपालिकाको न्यायिक समितिलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन र कानुनि सहायता सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्न रु ३ लाख विनियोजन गरेकी छु ।

१०. छुट हलिया तथ्याङ्क अद्यावधिक तथा भूमि व्यवस्थापन कार्यक्रमका लागि रु १ लाख विनियोजन गरेकी छु ।

**३. पूर्वाधार विकास क्षेत्रः**

**क) स्थानीय सडक र यातायात**

१.वर्षामा हुने सडक क्षतीको कारण सडक अवरुद्ध हटाउन तथा सडक सरसफाइ र अन्य आकस्मीक सार्वजनीक मर्मतका लागि रकम रु १५ लाख विनियोजन गरेकी छु ।

२. प्रदेश सरकार समपुरक अनुदानबाट दोगाड चमडा सडकका लागि रु ७० लाख विनियोजन गरेकी छु ।

३. प्रदेश सरकार ससर्त अनुदानबाट भद्रपुल गुन्पाल भुल्कुडा सडक, कौला समैजी हरियाली सडक, मालझुल ओडीगाउँ ढिपुर सडक, अनारखोली देबल भुल्कुडा सडक स्तरोन्नतीका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

**ख) सिंचाई**

१.साना तथा मझौला सिंचाईहरुको विस्तार र सुदृढ गर्ने नीति अनूरुप अवरुद्ध भएका साना तथा मझौला सिंचाईलाई सुचारु गराउँदै केही नया सिंचाई योजनाको शुरुवात गर्न प्रदेश सरकार तथा गाउँपालिका मार्फत आवश्यक रकम विनियोजन गरेकी छु ।

२.साना सिचाई मार्फत सिचाई सुविधा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेकी छु ।

३. प्रदेश सरकारको ससर्त अनुदानबाट जलतडा खरीबगर सिचाई, बसाना गुन्पाल मड सिचाई योजनाहरुमा आवश्यक बजेट विनियोजन गरेकी छु।

**ग) भवन तथा सहरी विकास**

१. भवन निर्माण आचार संहिता - २०७२ अनुरुप गाउँपालिका स्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको नीति कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाएकी छु ।

२. गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक रकम विनियोजन गरेकी छु ।

३. देवल स्वास्थ्य चौकी र चमडा स्वास्थ्य चौकीको पूर्वाधार विकासका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

४. राजुल बडि बजार पिस पार्क निर्माण, भण्डारीगाउँ बहुउद्देश्यीय भवन निर्माण, गङ्गेश्वर धाम पूर्वाधार विका लागि संघीय ससर्त पुजिगत अनुदानबाट २५ लाखका दरले बिनियोजन गरेकी छु।

**घ) सञ्चार**

१. गाउँपालिकाको कार्यालय र मातहतका वडा कार्यालय स्वास्थ्य संस्था विद्यालयहरूमा एकीकृत विद्युतीय हाजिरी प्रणाली स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

२. सबै गाउँपालिकाका कार्यालयमा, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा इन्टरनेट तथा गाउँपालिका भरीका कार्यालय जोड्न इन्ट्रानेट सुविधा जडान कार्यका लागी आवश्यक बजेट विनियोजन गरेकी छु गरेकी छु ।

**४) वन ,वातावरण तथा विपद व्यवस्थापन**

१.बनविनास र क्षयीकरण रोक्दै बनको संरक्षण व्यवस्थापन र बृक्षारोपण गरि बन विकास मार्फत प्राकृतिक श्रोतको व्यवस्थापनको नीति अनुरुप बन तथा बातावरण संरक्षणका लागि आवश्यक बजेट बिनियोजन गरेकी छु।

२.प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम रु १० लाख विनियोजन गरेकी छु ।

३. बेतालमाण्डौं पहिरो नियन्त्रण चमडा डुडला तल्लागाउँ पर्यटकीय पदमार्ग निर्माणका लागि प्रदेश सरकारको अनुदानबाट रु २० लाख बिनियोजन गरेकी छु।

**५) संस्थागत विकास,सेवा प्रवाह र सुशासन**

१.व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत गर्न तथा सामाजिक सुरक्षा दर्ता अनलाइन मार्फत गर्न र राजश्व प्रणलीलाइ कम्प्युटराइज्ड गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

२.न्यायमा सबैको पहुच सुनिश्चित गर्न न्यायिक समिति संचालन गर्न रु ३ लाख विनियोजन गरेकी छु ।

३.जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारी, शिक्षक, क्षमता अभिबृद्धिका गर्नका लागी मानव संसाधान विकास कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेकी छु ।

४.सम्पुर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, विद्यालय कर्मचारीहरुको मनोवल उच्च राख्न एकमुष्ट प्रोत्साहन खर्च उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेकी छु ।

५.उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधी, कर्मचारी, विषयगत शाखा, वडा कार्यालयलाई पुरस्कृत गरि प्रोत्साहन गर्ने आवश्यक रकम रु २ लाख विनियोजन गरेकी छु ।

६. गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादन, कार्यअनुभब, कार्यप्रकृति अनुसार करार सम्झौता थप गरी काममा निरन्तरताका लागि सेवा परामर्स शीर्षकमा आवश्यक बजेट विनियोजन गरेकी छु।

**६) विविध**

१. गाउँपालिकाभित्र कार्यरत गैह्रसरकारी संस्थाहरू Educational पेजेज, सामुदायिक विकास केन्द्र, राष्ट्रिय मुक्त हलिया समाज महासंघ, एकीकृत विकास समाज, वहुउद्देश्यीय विकास समाज लगायत तथा सरकारी प्रतिष्ठान, तालिम केन्द्रहरूसँग साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

२.वडाहरुमा टोल विकास संस्था गठन मार्फत जनसहभागीता अभिबृद्धी कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेकी छु ।

३. युवा सीपमूलक तालिम तथा लोक सेवा शिक्षक सेवा तयारी कक्षा सञ्चालनका लागि रु ५ लाख विनियोजन गरेकी छु ।

४. गाउँपालिकाका नागरिकहरुलाई बैकल्पिक चिकित्सापद्धती प्रति आकर्षण गराई स्वस्थ बनाउन योग/ध्यान सिबिर तथा नागरिक आरोग्य केन्द्रको प्रभाबकारी सञ्चालनका लागि संघीय ससर्त कार्यक्रमबाट आवश्यक बजेट विनियोजन गरेकी छु ।

५. करारका कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्धको सुरुवातका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

६. छिमेकी स्थानीय सरकारहरुसँग साझेदारी तथा समन्वय गर्न रु १ लाख विनियोजन गरेकी छु ।

७. जिल्लास्थित शैक्षिक संस्थाहरू तथा बालगृहलाई सहयोग गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

८. गाउँपालिकाका वडाहरुमा कृयाशील सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि रु २ लाख विनियोजन गरेकी छु।

**अव म वडा स्तरका कार्यक्रम तथा योजनामा विनियोजीत रकम र विनियोजनको आधार प्रस्तुत गर्दछु ।**

भौगोलिक अवस्था जनसङ्ख्या र जीवनस्तरलाई आधार मानी वडा नं १ मा रु २५ लाख ५५ हजार, वडा नं २ मा २९ लाख ३२ हजार, वडा नं ३ मा २५ लाख २५ हजार , वडा नं ४ मा २५ लाख ५८ हजार वडा नं ५ मा २७ लाख ४८ हजार र वडा नं ६ मा २५ लाख ९८ हजार विनियोजन गरेकी छु । साथै सबै वडाहरूमा समानुपातिक हिसावले योजनाहरु सञ्चालन गर्न एकमुष्ट रु २० लाख विनियोजन गरेकी छु ।

सम्मानित गाउसभा अध्यक्ष ज्यू

अव म वजेटको विनियोजन र स्रोतको ब्यवस्था सम्वन्धि आधारहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आर्थिक वर्ष २०८२।८३ का लागी अनुमान गरएिको खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरीक राजश्ववाट रु ४० लाख ५० हजार १, अल्या बाट १ करोड ४३ लाख ४ हजार, नेपाल सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु ८ करोड ३९ लाख, नेपाल सरकारवाट राजश्व वाडफाड भइ प्राप्त हुने रु ८ करोड २४ लाख १० हजार ९ सय ९, नेपाल सरकारवाट प्राप्त शशर्त अनुदान रु २४ करोड ७१ लाख , प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु ७३ लाख २९ हजार, प्रदेश सरकारवाट राजश्व वाडफाड भइ प्राप्त हुने रु २४ लाख ४५ हजार, प्रदेश सरकारवाट प्राप्त सशर्त अनुदानबाट रु ३ करोड ५० लाख रहनेछ । साथै प्रदेस सरकार वाट समपुरक अनुदानबाट १ करोड ४४ लाख र प्रदेश सरकारको विशेष अनुदानवाट ५५ लाख, संघिय सरकारवाट विशेष अनुदानबाट १ करोड ४८ लाख र संघिय सरकार समपुरक अनुदान वापत १ करोड ९० लाख प्राप्त हुनेछ भन्ने अनुमान गरेकी छु । यसरी कुल आय ५३ करोड २ लाख ३८ हजार ९ सय ९ अनुमान गरेकी छु । साथै अनुमानित खर्च तर्फ चालु खर्च १० करोड ३७ लाख ५ हजार ९ सय १० , विविध तथा पुँजिगत तर्फ १० करोड ५५ लाख ३३ हजार, संघीय र प्रदेश सरकारबाट प्राप्त सर्शत समपुरक र विशेष अनुदान कार्यक्रमबाट हुने चालु तथा पुँजीगत खर्च ३२ करोड १० लाख गरि जम्मा रु ५३ करोड २ लाख ३८ हजार नौ सय १० व्यय हुने अनुमान गरेकी छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**

**अन्त्यमा,**

यस वजेटको कार्यान्वयनबाट नागरिकहरुलाई नजिकबाट सेवा प्रवाह गरी सुशासन कायम हुने, सामाजिक सुरक्षा तथा मानब विकासका सुचक हरु(शिक्षा,स्वास्थ्य,भौतिक पुर्वाधार,कृषि, सरसफाई खानेपानी) उल्लेखनीय प्रगती हुने, रोजगारीका अवसरहरु सिर्जना हुने, आर्थिक क्रियाकलापमा बिस्तार हुने, नेपाल सरकार र सुदुरपश्चिम प्रदेश सरकारले लिएका निति र दिगो विकासका लक्ष्य, तथा नेपाल सरकारको सोह्रौं आवधिक योजना तथा गाउँपालिकाको पन्चवर्षिय योजनाको लक्ष्य प्राप्तिमा सहयोगी भुमिका निवाई गर्ने अपेक्षा गरेकी छु ।

प्रस्तुत वजेट तथा कार्यक्रम निर्माणमा मार्गदर्शन गर्नुहुने सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै वजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयनमा सबैको खुला र रचनात्मक सहयोगको अपेक्षा गरेकी छु ।

धन्यबाद

बसन्ती पाल

उपाध्यक्ष, अजयमेरु गाउँपालिका

स्थानीय सरकार अजयमेरु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भद्रपुर, डडेल्धुरा

**अजयमेरु गाउँपालिकाको आर्थिक बर्ष २०८२/२०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभाबाट स्वीकृत मिति: २०८२।०३।२०

**प्रस्तावना** अजयमेरु गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम अजयमेरु गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)**यस ऐनको नाम " अजयमेरु गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष** २०८२।०८३ **को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०८२।०८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५३,३६,३३,७७०। ( **अक्षेरुपी त्रीपन्न करोड छत्तीस लाख तेत्तीस हजार सात सय सत्री मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन: (१)** यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२।०८३ को निमित्त अजयमेरु गाउँपालिका गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

उमेश प्रसाद भट्ट
अध्यक्ष

अनुसूचि-१

CamScanner

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
सञ्चितकोषबाट विनियोजन हुने रकम

# आय व्ययको विवरण

अनुसूची-१
रु. हजारमा

| शीर्षक | आ.व. २०८१/८२ को यथार्त अनुमान | आ.व. २०८२/८३ को संशोधित अनुमान |
|---|---|---|
| **आय:** | | ५३३६३३.७७ |
| **राजस्व:** | ० | १०६६०४.७७ |
| आन्तरिक राजस्व | ० | ६२५०.९२ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम संघ | ० | ८२५३८.९१ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रदेश | ० | २४४५.०० |
| अन्य | ० | १५३६९.९४ |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | ० | ४२७०२९.०० |
| नेपाल सरकारबाट प्राप्त | ० | ११७७००.०० |
| प्रदेश सरकारबाट प्राप्त | ० | २७२२९.०० |
| ससर्त अनुदान संघ | ० | २४७१००.०० |
| ससर्त अनुदान प्रदेश | ० | ३५०००.०० |
| **जनसहभागिता:** | ० | ०.०० |
| नगद सहभागिता | ० | ०.०० |
| श्रम तथा वस्तुगत सहायता | ० | ०.०० |
| **व्यय:** | | ५३३६३३.७७ |
| चालु खर्च | | |
| पूँजिगत खर्च | | |
| सशर्त अनुदान | | |
| **बजेट बचत (+)/न्यून (-)** | ० | ० |
| **वित्तीय व्यवस्था** | ० | ० |
| **खुद ऋण लगानी** | ० | ० |
| ऋण लगानी (-) | ० | ० |
| ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | ० | ० |
| | | |
| **खुद शेयर लगानी** | ० | ० |
| शेयर लगानी (-) | ० | ० |
| शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | ० | ० |
| | | |
| **खुद ऋण प्राप्ती** | ० | ० |
| ऋणको साँवा भुक्तानी (-) | ० | ० |
| ऋण प्राप्ती (+) | ० | ० |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | ० | ० |

उमेश प्रसाद
अध्यक्ष

CamScanner

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## अजयमेरु गाउँपालिका

आ.व. [illegible]

(छाप: स्थानीय सरकार अजयमेरु गाउँ कार्यपालिकाको कार्यालय भद्रपुर, डडेल्धुरा)

अनुसूची-२

रु. हजारमा

| शीर्षक | | आ.व.२०८०/८१ को यथार्थ | आ.व.२०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को लक्ष्य |
|---|---|---|---|---|
| राजस्व: | | | | २१६२०.८६ |
| शिर्षक नं | आन्तरिक राजस्व: | | | |
| ११३१३ | सम्पत्ती कर | | | ५०.०० |
| ११३१४ | भुमिकर/मालपोत | | | ४००.०० |
| ११३१७ | वहाल कर | | | २००.०० |
| ११३१८ | अन्य सेवा शुल्क तथा विक्रि | | | ५०.०० |
| ११४५१ | यातायात क्षेत्रको आम्दानि | | | ४४२०.९२ |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | ५०.०० |
| ११४७९ | अन्य मनोरञ्जन कर | | | ०.०० |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | | ५०.०० |
| ११६९१ | अन्य कर | | | १००.०० |
| १४२१२ | सवारी सम्पतिको विक्रीबाट प्राप्त आय | | | २००.०० |
| १४२२१ | न्यायिक दस्तुर | | | ५.०० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | ५०.०० |
| १४२२४ | परिक्षा शुल्क | | | ५०.०० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | | ५०.०० |
| १४२४२ | नक्सापास दस्तुर | | | ५०.०० |
| १४२४३ | सिफारिस दस्तुर | | | १००.०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | | ५०.०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | | ३०.०० |

उमेश प्रसाद भट्ट
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | अन्य दस्तुर | | | ३०.०० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेसन दस्तुर | | | २०.०० |
| | विधुत सम्बन्धि दस्तुर | | | ५.०० |
| | जलस्रोत सम्बन्धि दस्तुर | | | ५.०० |
| १४२६५ | अन्य क्षेत्रको आय | | | ५.०० |
| १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | | | ३०.०० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | | | १००.०० |
| १४३१३ | धरौटी सदरस्याहा | | | ०.०० |
| १४६११ | व्यवसाय कर | | | १००.०० |
| | गत आ व को मौज्दात(अल्या) | | | १५३६९.९४ |
| १५१११ | बेरुजु | | | ५०.०० |
| | राजस्व बाँडफाँड: | | ० | ८४९८३.९१ |
| | राजस्व बाँडफाँड प्राप्ति (+) | | ० | ८४९८३.९१ |
| | राजस्व बाँडफाँड हस्तान्तरण (-) | | ० | ०.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण: | | | ० | ४२७०२९.०० |
| | नेपाल सरकारबाट प्राप्त अनुदान: | | ० | ३६४८००.०० |
| | वित्तीय समानीकरण अनुदान | | ० | ८३९००.०० |
| | सशर्त अनुदान चालु | | ० | २२२०००.०० |
| | शशर्त अनुदान पुजिगत | | ० | २५१००.०० |
| | समपूरक अनुदान | | ० | १९०००.०० |
| | विशेष अनुदान | | ० | १४८००.०० |
| | प्रदेश सरकारबाट प्राप्त अनुदान: | | ० | ६२२२९.०० |
| | वित्तीय समानीकरण अनुदान | | ० | ७३२९.०० |
| | सशर्त अनुदान | | ० | ३५०००.०० |
| | समपूरक अनुदान | | ० | १४४००.०० |
| | विशेष अनुदान | | ० | ५५००.०० |
| | अन्य स्थानीय तहबाट प्राप्त अनुदान: | | ० | ०.०० |
| | सशर्त अनुदान | | ० | ०.०० |
| | समपूरक अनुदान | | ० | ०.०० |
| | विशेष अनुदान | | ० | ०.०० |
| | | | ० | ०.०० |
| जनसहभागिता: | | | ० | ०.०० |
| | नगद सहभागिता | | ० | ०.०० |
| | श्रम तथा वस्तुगत सहायता | | ० | ०.०० |
| | कुल जम्मा | | ० | ५३३६३३.७७ |

नोट- राजस्वका शिर्षकहरु नेपाल सरकारले तोके बमोजिम हुनेछ । स्थानीय तहका राजस्व शिर्षकहरु नतोकिए सम्म यसै बमोजिम गर्ने ।

उमेश प्रसाद भट्ट
अध्यक्ष

स्थानीय सरकार
अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश

व्यय अनुमान

अजयमेरु गाउँपालिका

आ.व.२०८२/८३

जम्मा व्यय अनुमान

अनुसूची-३

रु. हजारमा

| क्र.सं. | शीर्षक | आ.व.२०८१/८२ को यथार्थ खर्च | आ.व.२०८२/८३ को संशोधित अनुमान | स्रोत: आन्तरिक स्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण: नेपाल सरकार | अन्तर सरकारी वित्तीय हस्तान्तरण: प्रदेश सरकार | अन्तर सरकारी वित्तीय हस्तान्तरण: स्थानीय तह | ऋण | जन सहभागिता |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालु खर्च | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | | |
| १ | तलब कर्मचारी | | | | | | | | |
| २ | पोशाक भत्ता | ० | २०४००.०० | | २०४००.०० | | | | |
| ३ | स्थानीय भत्ता | ० | ३५०.०० | | ३५०.०० | | | | |
| ४ | महंगी भत्ता | ० | १५००.०० | | १५००.०० | | | | |
| ५ | अन्य भत्ता | ० | २५००.०० | | २५००.०० | | | | |
| ६ | सरुवा भ्रमण खर्च | ० | ५००.०० | | ५००.०० | | | | |
| ७ | घर भाडा | ० | ५०.०० | | ५०.०० | | | | |
| ८ | कार्यालय संचालन खर्च | ० | १०००.०० | | १०००.०० | | | | |
| ९ | सवारी मर्मत तथा सम्भार खर्च | ० | २८००.०० | | २८००.०० | | | | |
| १० | संचार महशुल | ० | ३५००.०० | | ३५००.०० | | | | |
| ११ | इन्धन तथा अन्य इन्धन | ० | ७००.०० | | ७००.०० | | | | |
| १२ | पानी तथा बिजुली महसुल | ० | २००.०० | | २००.०० | | | | |
| १३ | परामर्श तथा अन्य सेवा शुल्क | ० | १८३००.०० | | १८३००.०० | | | | |
| १४ | मनोपरामर्श | | २००.०० | | २००.०० | | | | |
| १५ | अनुगमन मुल्याङ्कन खर्च | ० | ३३२०.०० | | ३१४०.०० | | | | |
| १६ | बीमा प्रिमियम खर्च | ० | ८००.०० | | ८००.०० | | | | |
| १७ | गाउँ सभा/नीति तथा कार्यक्रम/सभा संचालन तथा कार्यपालिका बैठक सचालन खर्च | ० | १०००.०० | | १०००.०० | | | | |
| १८ | पत्रपत्रिका तथा विज्ञापन | ० | ७००.०० | | ७००.०० | | | | |
| १९ | पदाधिकारी सेवा सुविधा | ० | ६७००.०० | | ६७००.०० | | | | |
| २० | कर्मचारी/ शिक्षक/ स्वास्थ्यकर्मी प्रोत्साहन | ० | १५००.०० | | १५००.०० | | | | |
| २१ | इन्धन कार्यालय प्रयोजन | ० | ३५००.०० | | ३५००.०० | | | | |
